मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**आवश्यकता**

**पदः** पृष्ठ संयोजक/उपसम्पादक
**संख्याः** २
**जिल्ला संवाददाताः** ११
(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)
**योग्यताः** न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन १५ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि
madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक १०७ ● २०८१ साल फागुन १३ गते मंगलबार ● Tuesday 25, February 2025 ● सूर्योदयः बिहान ६:३४ बजे ● सूर्यास्तः साँझ ६:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# जनकपुर भन्दा वीरगंजका स्वास्थ्य संस्था राम्राः मुख्यमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री



सतिश कुमार सिंहले जनकपुरधामका स्वास्थ्य संस्था भन्दा वीरगंज महानगरपालिका क्षेत्रका स्वास्थ्य संस्था तुलनात्मक रुपमा राम्रो अवस्थामा सञ्चालनमा रहेको पाइएको बताएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्रकारहरूसँग कुरा गर्दै मुख्यमन्त्री साहले जनकपुरधामका निजी क्षेत्रका स्वास्थ्य संस्थामा एनेस्थेसियाका चिकित्सक नपाइएको जानकारी दिँदै केही महिनाको तालिम लिएको व्यक्तिको आधारमा मान्छेको ज्यान जोखिममा पार्ने गरी शल्य क्रिया गरेको पाइएको बताए ।

उनले जनकपुरधाम मधेश प्रदेशको राजधानी भए पनि यहाँ स्वास्थ्य क्षेत्रमा बढी नै बेथिति पाइएको बताए । उनले स्वास्थ्य संस्थाको सुधार गरेर जनताको स्वास्थ्य सेवा पाउने संवैधानिक अधिकारको रक्षाका लागि आफूले निरन्तर रुपमा अनुगमन गर्ने काम गरिरहेको बताए ।

स्वास्थ्यसँगै अब शिक्षाक्षेत्र सुधारका लागि काम थालनी गरेको मुख्यमन्त्री सिंहले बताए । उनले यसपटक हुने एसइइ परीक्षामा नक्कल गरेको पाइए नक्कल गर्ने कोठाका निरीक्षकलाई ठाउँको ठाउँ कारबाही गर्ने र केन्द्रमा नै बेथिति पाइएको खण्डमा केन्द्राध्यक्ष माथि नै कारबाही गर्ने गरी प्रदेश सरकार अगाडि बढेको बताए । उनले मधेश प्रदेश सरकारले शिक्षा तथा स्वास्थ्य सुधारका लागि अभियान थालेको र यसमा आमजनता, नागरिक समाजको पूर्ण साथ भएको बताए ।

## २१ स्वास्थ्य संस्था बन्द

मधेश प्रदेशको राजधानी जनकपुरधाम र आर्थिक नगरी वीरगंजमा निजी क्षेत्रबाट सञ्चालित २१ स्वास्थ्य संस्था बन्द गरिएको छ ।

मुख्यमन्त्री सतिश कुमार सिंहको नेतृत्वमा जनकपुरधाम तथा वीरगंजमा भएको अनुगमनमा फेला परेका कानून विपरीतका २१ स्वास्थ्य संस्था बन्द गराइएको हो ।

मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधन प्रसाद सिंहसहित मन्त्रालयका अधिकारी संलग्न टोलीले जनकपुरधाममा ६० स्वास्थ्य संस्था अनुगमन गरेको थियो ।

अनुगमनमा फेला परेका कानून विपरीत सञ्चालित २० वटा स्वास्थ्य संस्था बन्द गर्न आदेश दिइएको थियो । आदेशविपरीत सञ्चालनमा रहेको जनकपुरधामका एक स्वास्थ्य संस्थाका सञ्चालक पक्राउ गरेर कारबाही अगाडि बढाइएको छ ।

वीरगंज महानगरपालिकामा एउटा स्वास्थ्य संस्था कानूनविपरीत सञ्चालन रहेको पाइएकाले बन्द गर्न आदेश दिइएको छ ।

# क्याम्पसमा कर्मचारीबीच कुटाकुट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरको प्रसिद्ध रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा कर्मचारीबीचमा कुटकुट भएपछि अवस्था तनावग्रस्त भएको छ । क्याम्पसमा परीक्षाको जिम्मेवारीका विषयमा कर्मचारीबीच कुटाकुट भएको हो ।

परीक्षाको विषयलाई लिएर शुरु भएको विवादमा क्याम्पस प्रमुख वसन्त कर्णकै अगाडि महेश यादव र सुरेन्द्र यादवले एक अर्कामाथि मुक्का प्रहार गरेका थिए । दुवै कर्मचारीले एकअर्कालाई गालीगलौज गरेका थिए । विवादले उग्र रुप लिँदा कर्मचारी सुरेन्द्रप्रसाद यादव, गोविन्द साह, रामपुकार महतो र विकेश अधिकारी घाइते भएका छन् । घाइते भएका कर्मचारीलाई प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार गरिएको धनुषाका प्रहरी नायब उपरीक्षक बरुणबहादुर सिंहले जानकारी दिए । उनका अनुसार घाइतेको अवस्था सामान्य छ । उपचारपछि उनीहरूलाई घर फर्काइएको छ । महेश प्रजातान्त्रिक समूहका कर्मचारी हुन् भने सुरेन्द्र माओवादी समर्थित हुन् । प्रत्यक्षदर्शी कर्मचारीका अनुसार एमबिएस परीक्षाको जिम्मेवारी लिने विषयलाई लिएर विवाद उत्पन्न भएको थियो । एमबिएस शाखाका प्रमुख अभिराम रायले सिट प्लानसहित परीक्षा सम्बन्धमा जानकारीका लागि क्याम्पस प्रमुख कर्ण भेट्न गएका थिए । तर, क्याम्पस प्रमुख कर्णले रायलाई परीक्षाको जिम्मेवारीबाट हटाइ अरूलाई दिने मनसाय बनाएपछि विवाद शुरु भएको एक कर्मचारीले बताए । विवादले उग्ररुप लिएको थियो । कर्मचारीबीच विवाद र कुटकुटको घटना भएपछि केही समय क्याम्पसको अवस्था तनावग्रस्त भएको थियो । विवाद भएपछि क्याम्पसमा प्रहरी परिचालन गरिएको थियो ।

# योजना नफुटाउँदा सचिवको सरुवा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश सरकारको ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयका सचिव जक्की अहमद अन्सारी मुख्यमन्त्री कार्यालयमा तानिएका छन् । उनलाई कानून विपरीत जिम्मेवारीबाट हटाइएको हो ।

फागुन १ गते बसेको मधेश सरकारको मन्त्रिपरिषद् बैठकले मन्त्रालयबाट जिम्मेवारी मुक्त गरी सरुवा गरिएको हो । सहसचिव अन्सारी वैशाख १८ गते ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयमा सचिवको रुपमा हाजिर भएका थिए ।



मुख्यमन्त्री कार्यालयका प्रवक्ता जयकुमार घिमिरेले पछिल्लो समय मुख्यमन्त्री कार्यालयबाट पनि सचिवको पदस्थापन तथा

*बाँकी पृष्ठ २ मा*

# परिषद् स्थापना दिवसमा र्‍याली




**मधेशदृष्टि**
**जनकपुर ।**
प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको ३७आँ स्थापना दिवसमा मधेश प्रदेश कार्यालयको आयोजनामा प्रभात र्‍याली गरिएको छ । सीपयुक्त जनता, समृद्ध नेपालको आयोजनामा र्‍याली निकालिएको हो । र्‍याली जनकपुरधाम नगर परिक्रममा गर्दै परिषद् कार्यालयमा पुगेको थियो ।

परिषदका मधेश प्रदेश प्रमुख नागेन्द्र साहले समयको माग नै सीपयुक्त जनशक्ति रहेको बताउँदै यसले आर्थिक विकास र मुलुकको समृद्धिमा योगदान दिने जिकिर गरे । उनले प्रविधिक शिक्षाले नै देशलाई समृद्ध बनाउने बताउँदै यसलाई बुझाउन जनचेतनामूलक र्‍याली र सन्देश प्रवाह गरिएको बताए । उनले भने, 'सीप भएपछि कुनैपनि मान्छे समृद्ध हुने र सीप नभएको अवस्थामा मात्रै गरिबी र विपन्नता आउने गरेको छ, यसकारण सीप आवश्यक छ ।'

साहले समिृद्धका लागि सीप आवश्यक रहेको बताउँदै सीप भएको खण्डमा जनताको आर्थिक उन्नति हुने र उनीहरुको समस्या समाधान हुने बताए । उनले सीपयुक्त जनशक्ति उत्पादनले मात्रै मुलुक समृद्ध हुने बताए । साहले तीनवर्षे ओभरसियर, एचए, नर्सिङ, सबओभरसियरसहित समयसमयमा विभिन्न तालिम गराउने गरेको जानकारी दिए । उनले मधेश प्रदेशमा धेरैजसो युवा वैदेशिक रोजगारीका लागि जाने गरेको र उनीहरुलाई उपयुक्त सीप दिने गरिएको बताउँदै यसले उनीहरुलाई आर्थिक उपार्जनमा बल पुग्ने गरेको बताए ।

परिषद्ले स्थापना दिवसमा र्‍यालीका साथै वृक्षारोपण र रक्तदानका कार्यक्रमसमेत गरेको थियो । र्‍यालीमा परिषद्सँग आवद्धता लिएर सञ्चालित कलेजका विद्यार्थीको सहभागिता थियो ।

# १५ वर्षदेखि बुबा अध्यक्ष र छोरा प्रधानाध्यापक, विद्यालयमा झडप



**मधेशदृष्टि**
**रौतहट ।**
गुजरा नगरपालिका–५, इस्लामपुरस्थित रहमान प्राथमिक विद्यालयको समाचार हो यो । स्थापनाकाल २०६५ देखि हालसम्म व्यवस्थापन समितिमा अध्यक्ष बुबा मोजिबुर रहमान र प्रधानाध्यापक छोरा अफरोज आलम छन् ।

व्यवस्थापन समिति अध्यक्ष रहमान र प्रधानाध्यापक करारका शिक्षक आलमले अभिभावकलाई बेवास्ता गरी मनपरी निर्णय गर्न खोजेपछि १५ वर्षपछि विद्यालयको रहस्य बाहिर आएको छ ।

आइतबार विद्यालयमा अभिभावकसँग विवाद भएको वडाअध्यक्ष शेख जमालुदिनले विद्यालय परिसरमै सोमबार पत्रकार सम्मेलन गरेर जानकारी दिए । विगत १५ वर्षदेखि दुवै विद्यालयको स्रोतसाधनमा मनपरी गरिरहेको वडा जमालुदिनले आरोप लगाए ।

स्थानीयले दुवैको क्रियाकलापबाट निकै दुःखी रहेको बताउदै वडाअध्यक्ष जमालुदिनले रहमान प्राथमिक विद्यालयलाई परिवारिक विद्यालय बनाएको आरोप लगाए । बालविकासदेखि कक्षा ५ सम्म पढाइ हुने विद्यालयमा ५ शिक्षक कर्मचारीमा प्रधानाध्यापकसहित ४ जना अध्यक्ष रहमान कै घरका छोरीबुहारी रहेको र विद्यालयमा ८०–८५ जना विद्यार्थी आए पनि ३ सय ६० जना विद्यार्थीका नाममा छात्रवृत्ति, पाठ्यपुस्तक र दिवा खाजाबापत नगरपालिकाबाट सुविधा लिई भ्रष्टाचार गरेको पाइएको वडाअध्यक्ष जमालुदिनले बताए ।

विद्यालयमा भ्रष्टाचार गराउन नगर शिक्षा संयोजक शिव मंगल साहको समेत मिलोमतो रहेको पत्रकार सम्मेलनमा उपस्थित अभिभावकले आरोप लगाए । शिक्षा संयोजक साहले नगरमा ३२ विद्यालय रहेको र प्राप्त कागजका आधारमा पाठ्यपुस्तक, छात्रवृत्ति र दिवा खाजासहितका सुविधा रकम इएमआइएसमा प्रविष्ट गरिने बताए ।

प्रधानाध्यापक आलमले भने वडाअध्यक्ष जमालुदिनले लगाएको आरोपमा सत्यता नरेको दाबी गर्दै २०६५ मा स्थापना भएको रहमान प्राथमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बुबा नै रहेको स्वीकार गरे । साथै आइतबार विद्यालयमा भएको दुई पक्षबीचको झडपमा आफूसहित केही अभिभावक घाइते भएको स्वीकार गरे । प्रधानाध्यापक आलमको प्रादेशिक अस्पताल गौर र केही अभिभावकको चन्द्रनिगाहपुर अस्पतालमा उपचार भइरहेको छ ।

गुजरा नगर प्रमुख सन्तलाल चौधरीले विद्यालयमा देखिएको समस्याप्रति गम्भीर ध्यानाकर्षण भएको बताए । शिक्षा संयोजक साहको कमिकमजोरीले रहमान प्राथमिक विद्यालय लामो समयदेखि विवादमा रहेको बताए ।

फौजदारी मुद्दा लागेर लागातार तीन महिना विद्यालयमा अनुपस्थित प्रधानाध्यापक आलमको तलब कट्टा गर्न लिखित निर्देशन दिँदासमेत शिक्षा संयोजक साहले अटेरी गरेको नगर प्रमुख चौधरीले बताए । नेपाली कांग्रेस रौतहटका सहसचिव तथा स्थानीय शिक्षा प्रेमी फिरोज आलमले शिक्षा संयोजक साह र प्रधानाध्यापक आलमलाई कारबाही नगरेसम्म रहमान प्राथमिक विद्यालयको पठनपाठनमा सुधार नआउने बताए ।

# लिटिल फ्लावरले जित्यो प्याब्सन जुनियर फुटबलको उपाधि



**मधेशदृष्टि**
**वीरगंज ।**
नवौं प्याब्सन अन्तर विद्यालय जुनियर फुटबल प्रतियोगिताको उपाधि लिटिल फ्लावर माविले जितेको छ । सोमबार विपद् व्यवस्थापन गुल्म, वीरगंजको खेलमैदानमा भएको फाइनल खेलमा नवदीप एकेडेमीलाई ३–० गोलले पराजित गर्दै लिटिल फ्लावरले उपाधि उचालेको हो । लिटिल फ्लावरका जर्सी नम्बर ८ का साहिल आलमले उत्कृष्ट प्रदर्शन गर्दै ह्याट्रिक गरे । तीन गोल गरेका आलम फाइनल खेलको प्लेयर अफ दी म्याच समेत घोषित भए । उपाधि विजेता टोलीलाई नगद ८ हजार रुपैयाँसहित कप, मेडल र प्रमाण पत्र प्रदान गरिएको थियो भने उपविजेतालाई नगद ६ हजार रुपैयाँ प्रदान गरिएको थियो । त्यस्तै तृतिय भएको ठोरी एकेडमीलाई नगद ४ हजार रुपैयाँ प्रदान गरिएको थियो । प्रतियोगिताको बेस्ट फरवार्ड लिटिल फ्लावरका आर्यन मण्डल भए । म्यान अफ दी सिरिज लिटिल फ्लावरका राकेश यादव, बेस्ट किपर नवदिपका गोलकिपर राज चौधरी, बेस्ट डिफेन्डर नवदिप एकेडेमीकै अकलेश ठाकुर र बेस्ट मिडफिल्डर लिटिल फ्लावरका उत्तम मण्डल भए । यस्तै प्रतियोगिताभरी १२ गोल गरेका ठोरी एकेडमीका यवेश राई सर्वाधिक गोलकर्ता बन्दै नगद १५ सय रुपैयाँसहित प्रमाण पत्र प्राप्त गरे ।
फागुन ५ गतेदेखि शुरु भएको ईन्टर स्कुल जुनियर नकआउट फुटबल प्रतियोगितामा पर्सा प्याब्सनमा आवद्ध २० वटा विद्यालयको सहभागिता रहेको थियो ।

# महाशिवरात्रीको अवसरमा पोखरिया बजारमा सरसफाई

**मधेशदृष्टि**
**वीरगंज ।**
महाशिवरात्रीको अवसरमा पर्साको पोखरिया बजार क्षेत्रमा सरसफाई गरिएको छ । बजरंग युवा समिति पोखरियाको अगुवाई तथा समुदाय प्रहरी साझेदारी र पोखरिया नगरपालिकाको नगर प्रहरी, स्थानीयको सहभागितामा बजारको सरसफाई गरिएको हो ।
पोखरिया नगरपालिका–४ मा पर्ने पोखरेश्वर महदेव मन्दिरको प्राङ्गण तथा मन्दिर वरिपरी लगायतका ठाउहरुमा सरसफाई गरिएको हो । सरसफाई कार्यक्रममा वडा नम्बर ४ को वडा अध्यक्ष लक्ष्मण साह कानु, नगर प्रहरी ईचार्ज दिनेश प्रसाद चौहान, बजरंग युवा समिति पोखरियाका पवन गुप्ता लगायतकाहरुको सहभागिता रहेको थियो ।

# ठेकेदारको दादागिरीविरुद्ध प्रहरीमा उजुरी

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरमा पटके सवारी कर उठाउनेले व्यापारीलाई गुण्डागर्दी शैलीमा दुःख दिने र बढी रकम असुल्ने गरेको पाइएको छ । पटके सवारी कर लिने ठेक्का पाएको वीरगंज महानगर वडा नम्बर १५ स्थित नेभा ट्रेडिङका सञ्चालकलाई पक्राउ गरी कारबाही माग गर्दै जिल्ला प्रहरी कार्यालय पर्सा, वीरगंजमा सोमबार उजुरी परेको छ ।
सोमबार दिउँसो २:३० बजे भारतको पञ्जावबाट आएको पिबी शून्य पाँच ए, पाँच नौ आठ नौ एक नम्बरको ट्रकका चालकलाई पटके सवारी कर घाटमा दुव्र्यवहार भएको र बढी रकम लिइएको भन्दै वीरगंजका मनोजकुमार उपाध्यायले पर्सा प्रहरीमा निवेदन दर्ता गराउनु भएको हो । ट्रकमा थ्रेसर ल्याइएको र वीरगंज भन्सारबाट जाँचपास गराएर बजार ल्याउँदै गर्दा वीरगंज वडा नम्बर १७ स्थित अलौं आइसिपी रोडमा पटके सवारी घाटले व्यवस्थापन सेवा शुल्कका नाममा २ सय २६ रुपैयाँ शुल्क भनेर बढी रकम लिइएपछि प्रहरीमा उजुरी परेको हो ।
उनीहरुले रसिद दिए पनि भारतीय रुपैयाँ २ सय ५० को नेपाली चारसय रुपैयाँ मात्र हुने भन्दै गुण्डागर्दी शैलीमा दुव्र्यवहार गरेपछि पीडित प्रहरीमा गएका हुन् ।

# सिटिजन्स बैंक नयाँ भवनमा

**मधेशदृष्टि**
**सप्तरी ।**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आइतबारदेखि बोदेबर्साइन–५ बोदेबर्साइन धर्मशाला अगाडि रहेको भवनबाट बैंकिङ कारोबार सञ्चालन गरेको छ ।
शाखा उद्घाटनमा जिल्लाका उच्चपदस्थ सरकारी कर्मचारी, उद्योगी, व्यापारी विभिन्न संघसंस्थाका प्रमुख तथा नागरिक समाज, जनप्रतिनिधिको उपस्थिति थियो । सुविधासम्पन्न भवनबाट थप छिटो, छरितो, चुस्तदुरुस्त रूपमा ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्ने प्रतिबद्धता बैंकले जनाएको छ ।
बैंकले १ सय ९९ शाखासहित ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ । ग्राहकलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधा, रेमिट्यान्स सेवा, बैंकास्योरेन्स, आस्वा, ड्राफ्ट, भिसा एटिएम कार्ड सेवा, भिसा इन्टरनेसनल डलर कार्ड सेवा, साथै कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिने जस्ता सुविधा पनि उपलब्ध रहेको बोदे बर्साइन शाखा प्रमुख राम कुमार साहले बताए ।

# ‘एमाले र मुलुकलाई ओलीको विकल्प छैन’

**मधेशदृष्टि**
**कलैया ।**
नेकपा एमालेले आह्वान गरेको वडाकेन्द्रित तीनमहिने अभियान सञ्चालनका लागि बारा क्षेत्र नम्बर ४ समन्वय कमिटीको बिस्तारित बैठक गण्डकको लौतनमा भएको छ । बैठक नेकपा एमाले पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री पुरुषोत्तम पौडेलको प्रमुख अतिथ्यतामा भएको हो ।
पौडेलले राष्ट्रियताका पक्षमा उभिनसक्ने पार्टी नेकपा एमाले मात्रै भएको दाबी गरे । नेता पौडेलले एमाले अध्यक्ष केपी शर्मा ओली राष्ट्रवादी नेता भएको उल्लेख गर्दै एमाले र मुलुकका लागि ओलीको विकल्प नभएको दाबी गरे । भारतले नाकाबन्दी गर्दा प्रधानमन्त्री ओलीले डटेर सामना गरेको स्मरण गर्दै छिमेकी राष्ट्रसँग आँखामा आँखा मिलाएर कुरा गर्न सक्ने राष्ट्रबादी नेता ओली मात्र भएको उनले प्रष्ट पारे ।
क्षेत्रीय समन्वय कमिटीका संयोजक ध्रुब यादवको अध्यक्षतामा सम्पन्न बिस्तारित बैठकमा केन्द्रीय सदस्य एकबाल मिया, मधेश प्रदेश कमिटी सचिव मनोज पौडेल, बारा अध्यक्ष अध्यानन्द पाण्डे, प्रदेश कमिटी सदस्य अमर यादव, सुन्दर विक, उमेश गुप्ता, जिल्ला कमिटी उपाध्यक्ष भुलन चौधरी, उपसचिव जवाहिर अन्सारी लगायतले बोलेका थिए । कार्यक्रम सहजीकरण गजेन्द्र पटेलले गरेका थिए । स्वागत अशेस्वर गुप्ताले गरेका थिए । कार्यक्रममा जिल्ला कमिटी सदस्य, पार्टी वडा कमिटी अध्यक्ष र निर्वाचित जनप्रतिनिधि उपस्थित थिए ।

# चेपाङ आवास निर्माण गर्न अनुदान सम्झौता

**मकवानपुर ।**
कैलाश गाउँपालिकाका छ घरपरिवार चेपाङका आवास निर्माणका लागि अनुदान सम्झौता गरिएको छ । गाउँपालिकाका अध्यक्ष लोकबहादुर मोक्तानको अध्यक्षतामा सम्पन्न बैठकमा चेपाङ लाभग्राहीले अनुदान सम्झौता गरेका हुन् ।
कैलाश–३ का ज्ञानमाया प्रजा, रामचन्द्र प्रजा, खुसीलाल चेपाङ र कैलाश–४ का प्रवीण प्रजा, हरिमाया प्रजा र गङ्गालाल प्रजाले अनुदान सम्झौता गरेको गाउँपालिका अध्यक्ष मोक्तानले जानकारी दिए । बागमती प्रदेश सरकारद्वारा सञ्चालित चेपाङ, वन करिया, बोटे, माझीको एकीकृत बस्ती तथा आवास कार्यक्रम अन्तरगत सम्झौता गरिएको हो । गाउँपालिका अध्यक्ष मोक्तानले मापदण्डअनुरूप समयमै घर निर्माण गर्न आग्रह गरे ।
प्रदेश सरकारले कार्यविधि बनाएर बस्ती तथा आवास निर्माण शुरु गरेको छ । गत आर्थिक वर्षमा २५ जनाले अनुदान सम्झौता गरेका थिए । लाभग्राहीले दुई कोठे १२–१२ फिटको घर निर्माण गर्नुपर्ने मापदण्ड छ । रासस

# योजना नफुटाउँदा सचिवको...

खटनपटन भइरहेको बताए । सचिव अन्सारीलाई सरुवा गरेर ऊर्जा मन्त्रालयको निमित्त सचिवको जिम्मेवारी जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय बाराका प्रमुख रामकुमार खंगलाई दिइएको मुख्यमन्त्री कार्यालयले जनाएको छ । खंग दशौँ तहका कर्मचारी हुन् ।
बताइए अनुसार, सचिव अन्सारीलाई कानुन विपरीत मन्त्रालयबाट तानेर मुख्यमन्त्री कार्यालयमा थन्क्याउनु र कनिष्ट कर्मचारीलाई मन्त्रालयको निमित्त सचिवको जिम्मेवारी दिनुको कारण चैं मन्त्रालयका जोडिएका योजना टुक्र्याउने झमेलामा असहमति जनाउनु हो । उपभोक्ता समितिबाट काम गराउन नमानेपछि उनलाई मधेश सरकारले नियम विपरीत मुख्यमन्त्री कार्यालयमा तानेको हो ।
योजना टुक्र्याउने बाटो फुकाउन र उपभोक्ता समितिबाट काम गराउन मधेश सरकारले प्रदेश सभाबाट संकल्प प्रस्ताव पारित गरिसकेको छ । सत्ता–गठबन्धनको सहमतिमा माघ ६ गते लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)की सांसद रुपाकुमारी यादवले ५० लाखसम्मका योजनामा उपभोक्ता समितिबाट काम गराउन बजेट वक्तव्यको १४७ नम्बर बुँदा संशोधन गर्न र जोडिएका योजना टुक्र्याउन सदनमा लगेको संकल्प प्रस्ताव बहुमतले पारित भएको थियो । संकल्प प्रस्ताव अनुसार सचिव अन्सारीले स्वीकृत योजना टुक्र्याउन चाहेनन् । उपभोक्ता समितिबाट काम गराउन नमानेपछि उनलाई मधेश सरकारले नियम विपरीत मुख्यमन्त्री कार्यालयमा तानिएको हो ।मधेश प्रदेशका ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्री शेषनारायण यादव सचिव अन्सारी आफैंले ड्राफ्ट गरेको संकल्प प्रस्ताव सदनबाट पास भएको र अहिले त्यही आधारमा योजना टुक्र्याउन भन्दा नमानेपछि मार्गप्रशस्त गरिएको बताए ।

# रिंकु सदालाई न्याय माग्दै प्रदर्शन




**आरके श्रीवास्तव**
**रौतहट ।**
बलात्कार घटना ढाकछोप गर्ने प्रयासपछि आत्महत्या गरेकी रिंकु सदा मृत्यु प्रकरणमा न्याय माग गर्दै सोमबार गौरमा प्रदर्शन गरिएको छ । दलित संघर्ष समिति रौतहटको आयोजनामा नाराबाजीसहित प्रदर्शन भएको हो । दलित समुदायका अगुवा सहभागी प्रर्दशनमा गौर नगरपरिक्रमा गरिएको दलित अगुवा पुनित रामले जानकारी दिए । प्रदर्शनक्रममा उनीहरुले रिंकु सदालाइ न्याय देऊ, दोषीलाइ कारबाही गर, गृहमन्त्री राजिनामा दे, मधेश सरकार मूर्दावादलगायतका नारा लगाएका थिए । प्रदर्शनपश्चात् संघर्ष समितिका अध्यक्ष सोनेलाल रामको नेतृत्वमा गएको दलित अगुवाको टोलीले जिल्ला प्रशासन कार्यालय रौतहटमा ज्ञापनपत्र समेत बुझाएको थियो । सहायक प्रमुख जिल्ला अधिकारी नरेश यादवलाई ज्ञापनपत्र बुझाइएको हो ।
समाजवादी दलित संघ नेपाल रौतहटको अध्यक्ष उदय नारायण रामलगायत जिल्लाका दलित सामाजिक अभियन्ता सहभागी थिए । माघ ३० गते रिंकु सदा आफ्नै घरमा झुण्डिएको अवस्थामा फेला परेकी थिइन् ।

## दलित समुदायमाथि विभेद अन्त्य माग गर्दै प्रदर्शन

दलित समुदायमाथिको विभेद अन्त्य, अन्तरजातीय विवाहलगायत विषयमा उत्पन्न समस्याबारे सरकारको ध्यानाकर्षणका लागि सरोकार भएकाहरूले सोमबार काठमाडौँमा प्रदर्शन गरेका छन् । दलितका लागि दलित अभियानको संयोजनमा विभिन्न दलित अधिकारवादी संघसंस्थाको सहभागितामा भएको प्रदर्शनक्रममा माइतीघरदेखि नयाँ बानेश्वरसम्म ¥याली निकालिएको थियो ।
दलित हिंसा गर्नेमाथि कारबाही गर, अन्तरजातीय विवाह गर्नेमाथि हुने हिंसा बन्द गर, दलितलाई खै ? लगायतका नारासहित प्रदर्शन गरिएको अभियानका संयोजक खगेन्द्र सुनारले जानकारी दिए ।
दलित अधिकारकर्मीले अन्तरजातीय विवाहपछि प्रहरीले पटकपटक पक्राउ गरी दुःख दिएको भनिएका सिरहाका सत्येन्द्र राम र नेहा रौनियारको जोडीका बारेमा आवाज उठाउँदै आएका छन् । दलितका लागि दलित अभियानले राज्यका हरेक तहमा दलित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व, देशका विभिन्न भूभागमा जातीय विभेद, हत्या, छुवाछूतलगायतका विषय सम्बोधनको माग गर्दै चरणबद्ध आन्दोलन गरिरहेको छ ।


बोदेबर्साइन नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
बोदेबर्साइन, सप्तरी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१।११।१३

यस नगरपालिकाको कार्यालयबाट मिति २०८१।०८।०२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका तथा इ-विड मार्फत प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रित पूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्याँकनबाट सारभूत रुपमा न्यूनतम मुल्याँकित प्रभावग्राही देखिएको देहाय वमोजिमका बोलपत्र स्वीकृतिका लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का आई.डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मु.अ. कर र पि.एस. सहित ) |
|---|---|---|---|---|
| १ | BBMS/NCB/Works/ 2081/082-01 | Construction works of Gaura dekhi Sarsar samma Sadak kalopatre (Chainage 0+360 - 1+360) | Rajdevi-Aadrash J.V, Laxmipur, Patari | २,५८,३७,८०४।८० (दुई करोड अन्ठाउन्न लाख सैतिस हजार आठ सय चार र पैसा असी मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



**Nijgadh Municipality**
**Office of the Municipal Executive**
**Madhesh Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of Third publication: Falgun 13, 2081 (25 feb, 2025)**
**Final Date of Subimission : with in 12 pm, 2081/11/20**

1. The Office of the Municipal Executive, Nijgadh Municipality, Bara invites electronic bids from eligible registered firms or companies through www.bolpatra.gov.np/egp for the river borne materials Stone which is collected at North and South area of Nepal Baluwa Prasodhan Udhyog, Nijgadh-4 through “Badhabadh” system (The highest amount bidding) for the Fiscal Year 2081/082 as per the approved Initial Environmental Examination Reports under the provisions of the prevailing laws.
2. Bidders who submit their bid electronically may download the bidding documents for e- submission from PPMO’s e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of the bidding document in the Project’s Rajaswa (revenue) account as specified below:-

**Information to deposit the cost of the bidding document in the Bank: Name of the Bank**
: Agricultural Development Bank Ltd.
**Account Name** : NIJGADH MUNICIPALITY GA 1.1 INTERNAL REVENUE
**Account No** :0507601576860035 **Rajaswa**
**Shirshak No** :14229
**Bid Document Charge** : Rs.5000.00( Non-refundable)

| Contract No. | Project Name | Extracting Quantity (CubicFt.) | Minimum Bidding Amount inclusive vat |
|---|---|---|---|
| RE/NM/02/RBM/081/ 082 | नदीजन्य पदार्थ ढुङ्गा निलाम बढाबढ | 2389616.7CFT | RS. 21602136. |

**- Chief Administrative officer**

# सर्लाहीमा सधैँ रेबिजको भ्याक्सिन अभाव

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको बरहथवा नगरपालिका–१४, हरिपुर्वाका १४ वर्षीय मुकेश बैठालाई यही फागुन १ गते छाडा कुकुरले टोक्यो । एक्कासि कुकुरले टोकेपछि उनी तत्काल बरहथवा नगर अस्पताल पुगे । तर, अस्पतालले भ्याक्सिन नहुँदा उनलाई फर्कायो । त्यसपछि मुकेशलाई निजी क्लिनिकमा लगियो । क्लिनिकमा छ सय ५० रुपैयाँ तिरेर भ्याक्सिन लगाए । तीन–तीन दिनको अन्तरमा तीन मात्रा भ्याक्सिन लगाउनुपर्ने मुकेश दोस्रो मात्राका लागि नगर अस्पताल पुगे । तर, चिकित्सकले औषधि अझै नआएको भनेर फर्काए । फेरी निजी क्लिनिकबाटै दोस्रो मात्रा लगाए । बैठाले अन्तिम मात्रा भने नगर अस्पतालबाटै लगाउन पाए ।

शुक्रबार अस्पताल परिसरमा भेटिएका उनले नेता र अस्पतालका चिकित्सकसँग हारगुहार गरेपछि एक मात्रा भ्याक्सिन पाएको बताए । अस्पतालले दुई सय रुपैयाँ लिने भ्याक्सिन बाहिर छ सय ५० रुपैयाँ तिर्नु पर्दा महँगो परेको उनले बताए । 'गाउँका मान्छेले झन्झट मानेर रेबिजको भ्याक्सिन लगाउँदैनन् । अस्पतालमा सधैँ छैन् भनेर फर्काउछन् । बाहिर किनेर लगाउन सबैसँग पैसा हुँदैन । यहाँ दिनदिनै कुकुर, स्याल, बाँदर, बिरालोलगायतका जनावरले टोकिरहेको हुन्छ', उनले भने । चिकित्सकले दश दिनसम्म टोक्ने जनावरको निगरानी गर्न भनेर पठाउने गर्दा धेरै जनाले भ्याक्सिन लगाउन नपाएको स्थानीय रामनरेश रायको अनुभव छ । 'कुकुर, स्यालजस्ता जनावरले खेतमा काम गर्दै गर्दा, बाटो हिंड्दा हिँड्दै टोकेर भाग्छ', उनले भने, 'त्यस्ता जनावरको निगरानी कसरी गर्नु ?' राज्यले भ्याक्सिन पर्याप्त नदिँदा विपन्न स्थानीय मारमा परेको उनको भनाइ छ । बैठाझैँ गोडैता नगरपालिका–५, सिसौटिया निवासी ४५ वर्षकी जोगनी देवीलाई यही फागुन ३ गते खेतैमा स्यालले टोक्यो । दायाँ खुट्टामा चोट लाग्ने गरी स्यालले टोकेपछि उहाँलाई परिवारले तत्काल प्राथमिक स्वास्थ्य केन्द्र गोडैता पु–याए । तर, उनले स्वास्थ्य केन्द्रमा भ्याक्सिन पाउनु भएन । चिकित्सकले १० दिनसम्म टोक्ने जनावरको निगरानी गर्नु र मर्यो भने सुई लगाउन आउनु भन्दै फर्काइदिए ।
त्यसपछि उनी लालबन्दी नगरपालिकाको एक निजि क्लिनिकमा पुगेर भ्याक्सिन लगाए । प्राथमिक स्वास्थ्य केन्द्र बलरामा आएको औषधि १५ दिनमै सकिएकोले भ्याक्सिन लगाउन अन्तै पठाएको स्वास्थ्य केन्द्रका इन्चार्ज नितेशकुमार कुशवाहले जानकारी दिए । भ्याक्सिन जम्मा ४० भाइल मात्र आउने गरेको उनले बताए । भ्याक्सिन सकिएपछि अधिकांश स्वास्थ्य संस्थाहरूले बिरामीलाई अन्यत्र पठाउने गरेका छन् । जिल्लामा सधैँ रेबिज विरुद्धको भ्याक्सिन अभाव हुने गरेको छ । सरकारी स्वास्थ्य संस्थामा कोटाअनुसार आउने रेबिज विरुद्धको भ्याक्सिन अभाव भएपछि निजी क्लिनिकबाट महङ्गोमा किनेर लगाउनुपर्ने बाध्यता छ । जिल्लामा प्रादेशिक अस्पताल मलङ्गवा, नगर अस्पताल लालबन्दी, ईश्वरपुर, बरहथवा प्राथमिक स्वास्थ्य केन्द्र हरिवन, बलरामा रेबिज विरुद्धको भ्याक्सिन लगाउने गरिएको छ । तर, ती केन्द्रमा आएका औषधि एक हप्तादेखि १५ दिनमै सकिने गरेको संस्थाका स्वास्थ्यकर्मीको गुनासो छ । तीन सय भाइल भ्याक्सिनको कोटा भएपनि कहिले महिना दिन, त कहिले १५ दिनलाई पनि नपुग्ने प्रादेशिक अस्पताल मलङ्गवाका प्रमुख डा नवलकिशोर झाले जानकारी दिए ।

औषधि सकिने बित्तिकै माग फारम भरेर पठाउने गरेपनि ल्याउन समय लाग्ने हुँदा कहिलेकाँही १५–२० दिनसम्म भ्याक्सिन अभाव हुने डा झा बताउँछन् । चिकित्सकीय अभ्यासमा टोकेको जनावरको १० दिनसम्म निगरानी गरेर मरे वा बहुलाए मात्र औषधि लगाउनुपर्ने भएपनि बिमारी जनावर भाग्यो भनेर आउने गर्दा भ्याक्सिन लगाउनै पर्ने दबाब हुने उनले बताए ।

भ्याक्सिनको कोटा कम हुँदा अभाव हुने गरेको बरहथवा नगर अस्पताल प्रमुख नागेन्द्र साहले बताए । पहिला धेरै कोटा भएपनि मधेश प्रदेश मातहतमा आएपछि महिनामा ६० भाइल मात्र प्राप्त हुने गरेको उनले बताए । प्राप्त भ्याक्सिन एक हप्तामै सकिने उनको भनाइ छ । गत माघमा प्राप्त ४० भाइल भ्याक्सिन १० दिनमै सकिएको हरिवन नगरपालिका स्वास्थ्य शाखाका संयोजक रामबाबु चौधरीले बताए । फागुन महिनाको लागि आउँदो २० गते औषधि प्राप्त गर्ने तालिका रहेको उनले जानकारी दिए । अहिले अस्पतालमा रेबिज विरुद्ध भ्याक्सिन लगाउन आउनेलाई अन्यत्र पठाउने गरेको उनले स्वीकारे । हाल जिल्लामा मासिक छ सय भाइल बराबर रेबिजको भ्याक्सिन प्राप्त हुने गरेको छ । यो आवश्यकताको एक तिहाइ मात्रा मात्र भएको स्वाथ्यकर्मी बताउँछन् । आवश्यकताको आधारमा कम मात्रामा भ्याक्सिन आउने भएकाले लक्षितवर्ग जोखिममा परेको नागरिक समाजका अगुवा शिवचन्द्र चौधरीले बताए । रासस


# कर्पोरेट डेभलपमेण्ट बैंक लि.

## प्रधान कार्यालय, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको

## सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणाकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन ( १६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन)** **अर्थात मिती २०८१/११/२८ गते बिहिबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

क)औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ र औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २ ,उद्योग,पर्यटन तथा वन मन्त्रालय, उधोग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय,पर्सा, विरगंजमा दर्ता मिति २०७९/०४/३० गते दर्ता भै उधोग दर्ता नं.१४८९३/०७९/८०, अन्तर्गत दर्ता कायम भई कालिकामाई गा.पा. ०२, पर्सामा कार्यालय रहेको **श्री स्वेता कृषि फर्म ।**

**ख**) सत्यनारायण प्रसाद बरैको नाति, जयनारायण प्रसाद चौरसियाको छोरा जिल्ला पर्सा भेडियारी वडा नं. ०२ , हाल जिल्ला, पर्सा कालिकामाई गा.पा. ०२ मा बस्ने (ना.प्र.न. १३५९२१११,जारी मिती २०४४/१२/०४ जि.प्र.का.,पर्सा) बर्ष ५६ को **राजेश कुमार चौरसीया ।**

**२) कर्जाको प्रकार:-व्यवसायीक आवधिक कर्जा, व्यक्तिगत अधिविकर्ष कर्जा , व्यक्तिगत आवधिक कर्जा,**

**३) कर्जाको सुरक्षण विवरण:**

**क**) सत्यनारायण प्रसाद बरैको नाति, जयनारायण प्रसाद चौरसियाको छोरा जिल्ला पर्सा भेडियारी वडा नं. ०२ , हाल जिल्ला पर्सा कालिकामाई गा.पा. ०२ मा बस्ने (ना.प्र.न. १३५९२१११ मिती २०४४/१२/०४ जि.प्र.का.पर्सा) बर्ष ५६ को राजेश कुमार चौरसीयाको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा मुडली नौ.त.ज. वडा नं ०७ स्थित किता नं **६७१ र ६३९** को जम्मा क्षेत्रफल क्रमश: **००९०१.८४ र ००८३७.०० वर्ग मिटर** को जग्गा ।

**ख**) सत्यनारायण प्रसाद बरैको नाति, जयनारायण प्रसाद चौरसियाको छोरा जिल्ला पर्सा भेडियारी वडा नं. ०२ हाल जिल्ला पर्सा कालिकामाई गा.पा. ०२ मा बस्ने ( ना.प्र.न. १३५९२१११,जारी मिती २०४४/१२/०४ जि.प्र.का.पर्सा) बर्ष ५६ को राजेश कुमार चौरसीयाको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा नगवा वडा नं ०२ स्थित किता नं **१२०१ र** जिल्ला पर्सा हरिहरपुर वडा नं ०१ स्थित किता नं. **३७७** को जम्मा क्षेत्रफल क्रमश: **१७९.८८ र २५७०.०० वर्ग मिटर** को घरजग्गा ।

**४) व्यक्तिगत जमानीकर्ताहरु :**

**क**) जयनारायण प्रसाद चौरसियाको बुहारी ,राजेश कुमार चौरसीयाको पत्नि, जिल्ला पर्सा भेडियारी वडा नं. ०२ , हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. ०२ मा बस्ने (ना.प्र.न. ३४३०१६/९७,जारी मिती २०६४/०१/०९ जि.प्र.का.,पर्सा) बर्ष ५० की **कल्पना देवि चौरसिया ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिनको दिउंसो ३:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्द्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ फाल्गुन २७ गते बुधबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ फाल्गुन २८ गते बिहिबार दिउँसो ४:०० बजे सम्म ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, बीरगन्ज, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।


# सुनसहित बाराका एकजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
महवानपुर प्रहरीले ४३ ग्राम सुनसहित एक जना पक्राउ गरेको छ । पक्राउ पर्नेमा बाराको कोल्हवी नगरपालिका वडा नम्बर ५ बस्ने ३३ वर्षका जस जोशी चौधरी रहेका छन् । विशेष सूचनाको आधारमा प्रहरी चौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले उनलाई हेटौंडा –१५ रातोमाटेबाट पक्राउ गरेको जनाएको छ । पूर्व पश्चिम सडकखण्डमा कोल्हवीबाट नारायणघाटतर्फ जाँदै गरेको सवारी रोकेर जाँच गरेको थियो ।

सोही क्रममा ना ५ ख ५१२९ नम्बरको बसमा सवार उनको साथबाट ४३ दशमलब ३८ ग्राम सुन जस्तो देखिने पहेलोँ धातुको पदार्थ बरामद भएको प्रहरीले जनाएको छ । बरामद सुनको आजको बजार मूल्य ६ लाख ३५ हजार २२६ रुपैयाँ रहेको प्रहरीको भनाई छ । पक्राउ परेकालाई आवश्यक कारबाही लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# 'पकाउन जान्ने मान्छेले जीवनमा कहिल्यै भोको बस्नु पर्दैन्'




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित गौतम माध्यामिक विद्यालयले आयोजना गरेको खाना महोत्सवमा विद्यार्थीहरुले विभिन्न सामुदायिकका थरीथरीका खाना प्रदर्शनी गरेका छन् ।

विद्यार्थीहरुलाई सामाजिक विषय अन्तर्गतको व्यावहारिक अभ्यास गराउने र नेपालका विभिन्न समुदायसँग सम्बन्धित खानाहरुको पहिचान गराउने उद्देश्यले खाना महोत्सवको आयोजना गरिएको विद्यालयका व्यावस्थापन शाखाका शिक्षक सौराज प्रधानले बताए । कक्षा ८ का सेक्सन 'बी' र 'डी' का विद्यार्थीहरुबीच खाना महोत्सवको आयोजना गरेर विद्यार्थीहरुको पाक कलालाई बढाउने र उनीहरुलाई नेपाली समाजका भिन्नता बीचको एकता बुझाउनका लागि खाना महोत्सवको आयोजना गरिएको शिक्षक प्रधानको भनाई भनाई छ ।

विद्यालयमै खाना महोत्सवको आयोजना गरेर विद्यार्थीहरुको सीप विकास तथा नेपाली खानाप्रतिको चासो बढाउने र यसलाई उत्पादन र व्यावसायसँग जोड्न पनि सहज हुने विश्वास विद्यालयले लिएको विद्यालयका निर्देशक सोनम लामाले बताए । 'पकाउन जान्ने मान्छेले जीवनमा कहिल्यै भोको बस्नु पर्दैन्', विभिन्न थरीका खानाको परिकार चाख्दै उनले भने, 'अब हामीले खानाको विषयमा पठाउने र पकाउन सिकाउने एउटा छुट्टै विषय डिजाइन गर्छौं ।'

खाना महोत्सवसँगै विद्यार्थीहरुले विभिन्न समुदायका नृत्यहरु पनि प्रस्तुत गरेका छन् । कक्षा ७ का विद्यार्थीहरुले देशको फरक फरक समुदायका चर्चित सांस्कृतिक नाच प्रस्तुत गरेका थिए । सो क्रममा उनीहरुले थारु, शुदूरपश्चिमका चर्चित डेउडा नाच, तामाङ समुदायको तामाङ सेलुङ नाचमा प्रस्तुति दिएका थिए ।

सम्पादकीय

# ठोरीको गाईफार्म र पर्साको बदनाम

\समाचार विवरणअनुसार, पर्साको ठोरी–५ सुवर्णपुरस्थित कैलाश क्याटल फार्म इजरायली प्रविधिबाट गाईको दूध प्रशोधन र गोबरबाट अनेक उत्पादनसहितको सपना हो । यसको शुरुवातकर्ता इञ्जिनियर श्याम वदन यादवका राम्रा समाचारहरु अहिले पनि टन्नै छन्।

तर गाईफार्म चल्नै छाडेको, सञ्चालकहरु सम्पर्कविहीन भएको, हेरालुहरुले पाँच महिनादेखि ज्याला नपाएको र पाँचजना हेरालुका भरमा गाई राखिँदा पानी पनि पिउन नपाएर मर्ने अवस्था बनेको दृश्य टुलुटुलु हेरेर स्वयम् हेरालुहरु पनि बस्न नसकेपछि स्थानीय सरकारकहाँ पुगे । स्थानीय सरकारमा पुगेर उनीहरुले गरेको गुनासोपछि सञ्चालकहरु खोजी भयो । साझेदारलाई लिलामी अवस्थामा पु¥याउन लागेका सञ्चालक ईश्वर जोशी र उनका विश्वासपात्र, मालपोतका रिटायर्ड कर्मचारी गुरु भट्ट पनि भारतमा महाकुम्भ चलिरहँदा र पुण्यकर्म भइरहँदा नेपालमा गाई मार्ने अपराधमा संलग्न हुन लागेको भन्दै सबैतिरबाट खबरदारी भएपछि सम्पर्कमा आएका छन्।

धेरैलाई लाग्छ, पत्रकारले लेखेर के हुन्छ ? हुँदोरहेछ नि ! यस्तै परिवर्तन हुन्छ । हाम्रो बदनाम भयो भनेर गाईसाहुहरुलाई चित्त दुखेको हुनुपर्छ । तर यो बदनाम हामीले गरेको होइन, उनीहरुको कुकर्मले गरेको हो । उनीहरुले बैंकबाट करोडौँ रुपैयाँ ऋण लिएर चलिरहेको फार्म डुबाउन गरेका कैयौँ कुकर्महरु अझ मिडियाले खोजेकै छैन।

उनीहरुलाई स्थानीय प्रशासनले आज मंगलबारभित्र कार्ययोजनासहित आउन निर्देश गरेको छ । मधेश प्रदेश सरकारका मन्त्री र ठोरी सरकारले सञ्चालकहरु सम्पर्कमा नआए गाई जनतालाई बाँडेर कुहिएर मर्न नदिने योजना बताएको थियो । बैंकबाट ऋण लिने, वीमा गराएर नाफा खाने काममा अचेल मान्छेले आमा, पत्नी, छोराछोरी त मार्न थाल्यो भने गाई कुन ठूलो कुरा भयो र भनेर अपराधजन्य सोच हो भने, यस्ताहरु ढिलोचाँडो कारबाहीको दायरामा आउने छन् । चलिरहेको फार्म कसरी टाट पल्टियो, यसमा बैंकले गरेको बदमासी के हो ? यो पनि बाहिर ल्याउन जरुरी छ।

जे होस्, गाईफार्मका कारण पर्साको बदनाम हुनै लागेको बेला हामीले गरेको खबरदारीको सही निशाना लागेको छ । सबै ठिकठाक चल्ने अवस्थामा छ । अब सञ्चालकहरुको आन्तरिक विवाद, कमजोरी र बदमासी थप खोजी गर्न नपरोस् भन्ने ध्येय हो।

फेरि पनि उनीहरुले यसलाई अनियमितता, बैंक र साझेदार डुबाउने प्रपञ्च अनि स्वार्थ पूरा गर्ने थलो बनाए भने पुराना कुरा फेरि खोतल्न पर्ने हुनसक्छ । यसले कृषिमा सम्भावना खोज्ने अरु कैयौँ अनुहारलाई हतोत्साही गर्न सक्छ।

त्यसैले कृषिमा सम्भावना खोज्दै देशमा केही गरौँ भन्नेहरुलाई साथ दिइरहँदा फेरि पनि बैंक र वीमा डुबाउनेहरुलाई चैँ छोड्ने कुरा पनि भएन।

# 'मधेशदृश्य'मा कहिलेसम्म मन नदुखाउने ?



–रामकुमार एलन

सबै अपराध र मधेशको पीडामा किन हाम्रा नेताहरु बोल्दैनन् ? भोटको माया हो कि ज्यानको माया नेताहरुलाई ? राम्रोलाई राम्रो पनि भन्दैनन्, नराम्रो भएको त देख्दैदैनन्, सुधारकेन्द्रमा मान्छे पिटेर मार्नेलाई जोगाउने कस्तो राजनीति हो ? हुँदाहुँदा केही दिनअघि मात्रै देशकै उत्कृष्ट १० मा परेको गौर अस्पताल पुगेका बिरामीलाई फकाइफुल्याइ पारेर निजी अस्पतालमा त्यहीँका डाक्टरहरुले लगेर पूरै ढाड चिरेर मारेछन्, कोही बोल्दैनन् ? किन हो नेताजी ? कि कसम खानु भएको छ, जे देखिन्छ, नबोल्ने ? जे बोलिन्छ, भोट मात्रै फकाउने ? अब तपाईंको जय होस् कसरी भनौँ ?
बेहद बदमासी गरेर मधेशमा धन कमाउन सकिन्छ र मधेश छाडेर अन्त गएर 'मस्त' रमाउन सकिन्छ भन्ने भ्रमबाट हामीले केही आपराधिक मनोवृत्तिका पात्रलाई उतार्नु छ । यसमा धेरै जसो राजनीति गर्ने छन्, केही यस्तै गाईफार्ममका नाममा मस्तमौलानाहरु छन्, केही मधेशका सोझा जनताको घरजग्गा धितो राखेर काठमाडौँतिर 'मै तो हुँ कब्से रैडीतैयार, पटालो सैँया मिसकलसे' गरिरहेकाहरु छन् । अपराधमा मधेश अगाडि छ । कोही बाँकी छैनन् । सिमरामा गाडीभित्रै भएको साथी मार्ने सुरक्षाकर्मी नै थिए।

यो हप्ता हामीले जनमत पार्टीका नेताहरुलाई राहत मिल्ने राम्रै सामग्री पस्किएका थियौँ । जनमतका सुप्रिमो डा. सिके राउत मधेशमा अझ जनकपुरधाममा आएकादेखि विभिन्न कार्यक्रमका समाचार छापेका थियौँ । यति मात्र होइन, मधेशका मुख्यमन्त्री सतिश कुमार सिंहले अस्पतालमा गरेको 'पेचिलो आक्रमण'बारे पनि हाम्रो कभरेज कम थिएन । उसो त मधेशमा हाम्रा केही नियमित समाचारस्रोत छन् । उनीहरु समाचार बुन्छन्, साँझ पर्दा ह्वाट्स एपमा पठाउँछन्, हामी सामान्य व्याकरणीय चेतबाहेक कुनै काटछाट गर्दैनौँ । राखिदिन्छौँ । दैनिक ५० समाचार हामीलाई जरुरी हुन्छ, मधेशका समाचारले प्राथमिकता पाउँछन् । यो मधेशको अखबार हो, मधेशीको अखबार हो, यहाँ हाम्रो स्वार्थका कुनै सामग्री छैनन् । वश मधेशको भलो चाहने जोजसले सुकर्म गरिरहेका छन्, तिनलाई 'स्याबासी' र जजसले बदमासी गरिरहेका छन्, तिनलाई 'रुवाबासी' गराउनु पत्रकारिताको कर्म र धर्म हो । यो धर्म पक्कै व्यापारिक हो, तर हाम्रो मान्यता हो, 'व्यापारमा पनि धर्म हुन्छ ।' जबकि फस्टाइरहेको छ, 'धर्मको पनि व्यापार हुन्छ ।' जहाँ सुधारकेन्द्रमा मान्छे पिटेर मारिएको छ र उनीहरुकै संरक्षणमा राजनीति भइरहेको छ।

माथिकै विषय जोडौँ । समाज जस्तो भयो, समाचार त्यस्तै हुन्छ । समाजमा कलियुग छ भने समाचारमा सत्ययुग आउने कुरै भएन । उही छ समाचारः रिंकु सदाका परिवारले न्याय पाएनन् । उनीहरुका घरमा सबै पार्टीका नेता पुगेका छन्, न्याय पुगेको छैन । उनीहरुका पक्षधरहरुले मधेशको राजधानी जनकपुरधाममा मुख्यमन्त्री सतिश कुमार सिंहलाई भेट्न पनि पाएनन् भन्ने समाचार पनि आएको छ । समाचार समाजजस्तै र समाजजस्तै समाचार आयो भने अखबार या सञ्चारगृह जनताका बोली बनेर जनताको मनमुटु, मष्टिष्कमा रहने जिनिस हो । पर्साको ठोरी गाउँपालिका वडा नम्बर ६ सुवर्णपुरमा कैलाश क्याटल फार्ममा २ सय गाईको बिचल्ली पारेर सञ्चालकहरु भागेको विषयमा हामीले निकै खबरदारी गरेका थियौँ । २ सय गाईको दाम कति हुन्छ ? त्यसका संस्थापक श्याम वदन यादवले भनेअनुसार र मधेशदृष्टिमै छापिए अनुसार फार्मको जग्गा बेच्दा ११ करोड रुपैयाँ आउँछ । तीनजना सञ्चालक रहेको फार्मले ९ महिना अघिसम्म दैनिक १ हजार ५ सय लिटर दूध बेचिरहेको थियो, अहिले फार्मका बाच्छाबाच्छीलाई खुवाउन दूध छैन । ९ महिनामै यस्तो 'शनिसंकट' कसरी आउँछ ? उद्योगमा सामान, पूर्वाधार जोडजाड पारेर सबै जोड्दा कति मूल्य होला ? उसले बैंकलाई कसरी तिर्न सक्छ ४४ करोड रुपैयाँ ? यो विषयमा हाम्रो समाज किन गम्भीर बन्दैन ? यस्ता विषयमा मधेशका नेताहरुको ट्विट या फेसबुकमा केही स्ट्याटस पढ्न पाइन्न । 'सप्तरीमा समाचार लेख्ने पत्रकार पनि पनि पहाडबाट ल्याउनु पर्छ' आसयको फेसबुकमा त्यहाँको पत्रकार महासंघले विज्ञप्ति निकालेको छ । तर तिनै सिके राउत, मधेश सरकार र सतिश कुमार सिंहबारे हामीले पनि बरोबर समाचार लेखेका रहेछौँ, लेख्छौँ । सिके राउतको सचिवालयले चलाउने फेसबुकमा साँच्चै मधेशमा पनि समाचार लेख्नेहरु छन्, छाप्नेहरु छन् भनेर शेयर भएको देखिएन । जब तपाईं एउटालाई प्रशंसा गर्दा १० वटा रिसाउँछन् भने यस्तो प्रशंसामा किन व्यस्त बनाउनु हुन्छ ? सोमबार दिउँसो सिके राउत सचिवालयको फेसबुक पेजमा शेयर भएका समाचारमा कतै पनि हामी परेका थिएनौँ अब सप्तरी महासंघले जसरी विज्ञप्ति निकाल्ने कुरा त भएन, तर समाचार लेख्नेलाई प्रोत्साहन गर्ने संस्कार हाम्रा नेताहरुको 'चम्चालय'ले भत्काउँदै लगेको छ । र, नेताहरु चैँ मधेशमा लेखे पनि नलेखे पनि यसलाई कुनै मूल्य, मान्यता र प्रशंसा नगरी खारेजयोग्य ठानिरहेका छन् । यिनले काठमाडौँका मिडियालाई दिएको दान, चन्दा, विज्ञापन, भुक्तानी खोज्ने हो भने नेताहरु अलि जसरी 'सुन्डमुसुन्ड'का फुइँ लगाउँछन्, त्यतिखेर 'गल्ती होगइल' भन्दै रुनेमा शंका छैन।

हो, एकदिन राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवलाई सोधेको थिएँ, 'तपाईंको समाचार प्राथमिकताका साथ प्रकाशन गरेका छौँ, फेसबुकमा 'धन्यवाद् मधेशदृष्टि' पनि लेख्नुहुन्न ।' एकदिन प्रभु साहको सचिवालयकाहरुलाई सोधेका थिएँ, 'समाचार त हामी दिइरहेका छौँ, तपाईंहरु सामाजिक सञ्जालमा 'धन्यवाद' भन्न पनि चित्त सानो पार्नु हुन्छ ।' उसो त पत्रकारिता जतिसुकै राम्रो गरे पनि सधैँ अपजशको पेशा हो । यसमा कसैलाई सन्तुष्ट बनाउन सकिन्न । यही जिज्ञासा मैले दलित मुभमेन्टमा लागिरहेका भोला पासवानलाई पनि राखेँ । तपाईंको समाचार विगत एक डेढवर्षदेखि प्राथमिकतामा छन्, तर तपाईं 'सामान्य हाइहेल्लोको रिलेसन'बाट पनि टाढा हुनुहुन्छ । हो, पत्रकारिता निःशुल्क हो, शिक्षकले पुरानै नोटबुक हेरेर ट्यु्ुसन पढाउँछ र पैसा लिन्छन् । वकिलले भेट गर्न पनि 'फि' तोकेर राखेको हुन्छ, मुद्दा लड्न अलग 'फि रेट' छ । डाक्टर भेट्न मेडिकलले रसिद नकाटी पैसा माग्छ । पत्रकारिता यस्तो हो, राति १२ बजे पनि जनताको फोन उठाउनु पर्छ, अझ फोन गरिगरी समाचार टिपेर लेखिदिनु पर्छ, छापिदिनु पर्छ, बजाइदिनु पर्छ र उनीहरुले 'धन्यवाद' पनि नभनेको भनेर आफैँ चाउरिनु पर्छ । यस्तो पेशामा सम्मान खोज्नु पत्रकार र पत्रकारिताकै कमजोरी होला । तर व्यावसायिकताको पनि कुरा गरौँ।

हामीले हालै प्रेस काउन्सिलमा बुझाएको कागजको बिल हेर्दा चानचुने छैन । विज्ञापन बजार पनि राम्रै छ । तर लगातार जजसलाई हामीले साथ, समर्थन र समाचारमा प्राथमिकता दियौँ, तिनको यसमा हिस्सा कति छ ? हामीले छापिदिएको पत्रिका तपाईंले किन्नु भएको छ कि छैन ? कि वेबसाइटबाट पिडिएफ तानेर स्क्रिन सट राखेर जीविका चलाइरहनु भएको छ ? कोही न कोही दाताले तपाईंलाई पत्याउनुमा पक्कै हाम्रो समाचारको स्क्रिन सटले काम गरेको होला भन्ने हाम्रो भ्रम र विश्वास दुवै छ । किनभने मिडियामा तपाईंको कभरेज भएन भने दाताले तपाईंलाई कति 'चटनी' चटाउँछ, हामीले दशकौँदेखि भोग्दै, देख्दै आएका छौँ । यसैले अचेल इमेलमा, ह्वाट्स एपमा आउने कैयौँ बनिबनाउ समाचार हेर्नै मन लाग्दैन, राख्नै मन लाग्दैन । ती समाचारले समाजलाई के दियो भन्ने प्रश्नको उत्तरसमेत आउँदैन । जबकि पत्रकारितामा चेत राख्नेहरुले अचेल हामीलाई सोध्न थालेका छन्, 'त्यो समाचार के थियो होइन समाचार तपाईंको अखबार किन पो थियो ?'

हो, समाज जवाफदेहिता खोजिरहेको छ । जिम्मेवारीमा रहेकाहरुले भेट दिएनन्, कुरा सुनिदिएनन्, घोषणापत्र अनुसार काम गरिदिएनन् भनेर नै 'नयाँ'को खोजी भइरहेको छ । यही क्रममा पत्रकारिता विस्थापित हुँदै फेसबुक लाइभ, टिकटक लाइभ र युट्युबले हाम्रो पत्रकारिता मार्दै–मार्दै लगिरहेको छ । नेपालमा भर्खर टेलिभिजन आउँदा बिहान दैनिक पत्रिकामा छापिएको समाचार नै साँझ टेलिभिजनका मुख्य समाचार बन्थे । पछि टेलिभिजनले पत्रिकालाई खायो । टेलिभिजनले साँझ दिएका समाचार पत्रिकामा पनि मुख्य समाचार बनेर भोलिपल्ट आउन थालेपछि पत्रिका पढ्न छाडे।

त्यसपछि बिहानै एफएमले भनेको समाचार टेलिभिजनमा पनि पुरानो हुन थाल्यो । मान्छे टेलिभिजन पनि हेर्न छाडे । अनि अनलाइन आयो, अनलाइनले छिनछिनमै समाचार दिन थालेपछि मान्छे रेडियो पनि सुन्न छाडे, टेलिभिजन पनि हेर्न छाडे । अहिले नागरिक पत्रकारिताका नाममा 'वडाध्यक्ष'देखि मुख्यमन्त्रीसम्मका 'प्रेस सल्लाहकार'हरु फेसबुक लाइभ गरिदिन थाले । युट्युब र टिकटकरले घरमै बसेर त्यही भिडियो तानेर हाल्न थाले । पत्रकार अल्छी बन्दै गए, समाचार कसले बनाइदिने ? बनाए पनि यो त टिकटक र फेसबुक अनि युट्युबमा हेरेको भनेर अरु सामग्री खोज्न थाले । त्यसपछि हाम्रो पत्रकारिता झन 'पत्रुपलाँस' हुँदै गयो । यसमा हामीले आफूलाई समीक्षा गर्नु पर्छ । यसो भनिरहँदा हामी कम राजनीतिक सिकार भएका छैनौँ । यसको जिम्मेवारी राजनीतिले मात्र लिएर हुँदैन, हामीले पनि आफूलाई सुधार गर्नु पर्छ । राजनीति गर्ने नाममा कहीँ कतै सामाजिक परीक्षणविनै टुप्पिएकाहरु जसरी नै हामी पनि टुप्पियौँ र आज दुनियाँ हामीलाई प्रश्न गरिरहेका छन् कि दल र पत्रकारितामा विकल्प खोजी भइरहेको छ । पत्रकारिता समाजसँग जोडिन सकेन भने, जनताका सुखदुःखमा पसेर विमर्श गर्न सकेन भने अब हाम्रो पत्रकारिता विस्तारै नयाँको हातमा जानेमा शंका छैन।

जस्तो, ठोरीको सुवर्णपुरस्थित गाईफार्ममा हामी पुगेपछि दुनियाँ पुगे । प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय प्रशानस पुगे । त्यहाँ पुगेर हामीले फार्मका सञ्चालकहरुलाई फोन गरेका थियौँ । गाई पालेर बिचल्लीमा पारेर वीमा कम्पनीबाट पैसा असुल्ने र रमाउने आपराधिक मनोवृत्तिका धेरै व्यापारी हामीले देखेका छौँ । यति मात्र होइन, शंका छ वीमा कम्पनीमाथि पनि । बैंक नाफाका लागि कति दबाब दिन्छ ? कति मानसिक तनाव दिन्छ, बुझेका छौँ । वीमाबाट धेरै रकम आउँछ भनेर पत्नी मार्न लगाउनेहरु छन् । कमिसनको लोभमा पत्नी मार्नेहरु छन् भने गाई मार्नु कुन ठूलो कुरा भयो र ? तर, यही विषयमा हामीले गरेको खबरदारीमा आज सबै जोडिएका छन् । सञ्चालकहरु सम्पर्कमा आएका छन् । बेहद बदमासी गरेर मधेशमा धन कमाउन सकिन्छ र मधेश छाडेर अन्त गएर 'मस्त' रमाउन सकिन्छ भन्ने भ्रमबाट हामीले केही आपराधिक मनोवृत्तिका पात्रलाई उतार्नु छ । यसमा धेरै जसो राजनीति गर्ने छन्, केही यस्तै गाईफार्ममका नाममा मस्तमौलानाहरु छन्, केही मधेशका सोझा जनताको घरजग्गा धितो राखेर काठमाडौँतिर 'मै तो हुँ कब्से रैडीतैयार, पटालो सैँया मिसकलसे' गरिरहेकाहरु छन् । अपराधमा मधेश अगाडि छ । कोही बाँकी छैनन् । सिमरामा गाडीभित्रै भएको साथी मार्ने सुरक्षाकर्मी नै थिए । यी सबै अपराध र मधेशको पीडामा किन हाम्रा नेताहरु बोल्दैनन् ? भोटको माया हो कि ज्यानको माया नेताहरुलाई ? राम्रोलाई राम्रो पनि भन्दैनन्, नराम्रो भएको त देख्दैदैनन्, सुधारकेन्द्रमा मान्छे पिटेर मार्नेलाई जोगाउने कस्तो राजनीति हो ? हुँदाहुँदा केही दिनअघि मात्रै देशकै उत्कृष्ट १० मा परेको गौर अस्पताल पुगेका बिरामीलाई फकाइफुल्याइ पारेर निजी अस्पतालमा त्यहीँका डाक्टरहरुले लगेर पूरै ढाड चिरेर मारेछन्, कोही बोल्दैनन् ? किन हो नेताजी ?

कि कसम खानु भएको छ, जे देखिन्छ, नबोल्ने ? जे बोलिन्छ, भोट मात्रै फकाउने ? अब तपाईंको जय होस् कसरी भनौँ ? नवीन यादवले फेसबुकमा लेखेको स्ट्याटस साझा गरेर अर्को लेखमा फेरि यस्तै विरक्तगाना सुनाउने गरी बिदा मागेँ । यादवले लेखेका छन्, 'मधेशआश्रित दललाई काठमाडौँको सत्ताले 'सत्ता र शक्ति प्रयोग गरेर प्यारालाइज्ड बनाइसकेका छन् । मोहित पारिसकेका छन् । आफ्नो अस्तित्वको टेकोलाई लत्याउँदा नेताबाट सहयोगी भएका छन्, मसिहाहरू । मधेशवाद र मधेश शब्ददेखि तर्सिनु, शब्दजालले मतदातालाई आफ्नो जालमा पार्नु र प्रतिस्पर्धीको आलोचना गरेर भोट तान्नु र पुनः प्यारालाइज्ड हुनु नै मधेश केन्द्रित दलको अहिलेको 'ड्युटी' हो जस्तो देखिन्छ ।' अब यही कुरा मैले भनेको भए तपाईंहरु यो पहाडियालाई हाम्रो के चासो भन्नुहुन्थ्यो, मधेशकै यादवले भनेपछि भन्नु हुनेछ, 'भाइले बडा राम्रो कुरा गर्यो, बातमा दम छ।'

# प्रकोप न्यूनीकरण–निर्मम आत्मसमीक्षा अत्यावश्यक



विश्वमणि पोखरेल

अहिले हिउँदको समय हो । पारिला घामको न्यानोमा आम जनसमुदायले जीवनयापन गर्ने मौसम हो । शिशिर ऋतुका माघ, फागुन सकिएपछि वसन्त बहारको समय आउँछ, चैत वैशाखको वसन्तीय सुगन्ध, बोटबिरुवामा नयाँ पालुवा पछि गृष्मका जेठ, असार र त्यसपछि वर्षा, अनि शरद्, हेमन्त हुँदै फेरि शिशिरकै आगमन हुन्छ । ऋतुहरुको यस्तो फेहरिस्त दिनाका कारण एउटै हो, प्रकृति चलयमान छन्, चञ्चल छन्, स्थिर छैनन् भन्नै अर्थमा हामीले लिनुपर्दछ भन्नु नै हो । हामी मानव जीवन, जीवजन्तु, वनस्पति सबै त्यहीँ प्राकृतिक नियममा चल्नुपर्ने हुन्छ, प्रकृति आफ्नो लयमा हुन्छ, हामी कहिले उसबाट पीडित हुन्छाँै, कहिले प्रोत्साहित हुन्छौँ, पल्लवित हुन्छौँ।

सामान्य तथा जेठ दोस्रो सातादेखि असोज दोस्रो सातासम्मको पाँच महिनाको समय चुनौतीपूर्ण मानिन्छ नेपालका लागि । यो समयमा मनसुन भनिने वर्षा गराउने प्रणाली सक्रिय हुन्छ । मनसुन हाम्रो जीवन हो तर वर्षाको मात्रा र प्रवृत्तिअनुसार मनसुनबाट लाभ मात्र लिँदैनौँ, यसले विनाश पनि उत्तिकै गर्दछ । यसै वर्षको असोज १० देखि १३ गतेसम्म परेको अधिक वर्षा र त्यसबाट सिर्जित बाढी, पहिरो र डुबानले मुलुकको राजधानी समेत तहसनहस हुनपुग्यो । मानवीय र भौतिक रुपमा ठूलो क्षति भयो । ती तीन दिनमा भएको क्षतिको यकिन आर्थिक, सामाजिक विवरण अहिलेसम्म आइसकेको छैन, अध्ययनहरु जारी रहेको बुझिन्छ । तीन दिनको वर्षाबाट सिर्जित बाढी, पहिरो र डुबानबाट करिब ४६ अर्ब ६८ करोड रुपैयाँको क्षति भएको बताइँदैछ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अध्ययनमा यस विपद्मा भौतिक पूर्वाधारतर्फ करिब ३९ अर्ब रुपैयाँको क्षति भएको छ र भौतिक पूर्वाधारमा भएको क्षतिको पुनर्निर्माणमा मात्र करिब २८ अर्ब रुपैयाँ लगानी आवश्यक हुने अनुमान छ । बिपी राजमार्गमा रोशी खोला र सुनकोशीले विशेष गरेर करिब आठ किलोमिटर सडक नराम्ररी भत्काएको हो । सडक विभागको अध्ययनअनुसार बिपी राजमार्ग पुनर्निर्माण गर्न खास गरेर आठ किमीका लागि करिब रु १० अर्ब बजेट अनुमान गरिएको छ।

तीन वर्षको तथ्याङ्कलाई मात्र लिएर हेर्दा हामी प्रत्येक वर्ष ठूलो सङ्ख्यामा मानवीय क्षति ब्यहोर्दैछौँ र प्रत्येक वर्ष अर्ब मूल्यमा प्राकृतिक प्रकोपको मूल्य चुकाउँदैछाँै । प्राधिकरणका अनुसार विगत तीन वर्षको क्षति हेर्दा २०७९ मा प्रकोपबाट ४८४ को मृत्यु, ३७ जना बेपत्ता बने भने सात हजार ५०२ परिवार प्रभावित बनेका छन् । यो वर्ष रु दुई अर्ब ८५ करोड ९९ लाख ३६ हजार ४०० मूल्य बराबरको क्षति भएको छ । २०८० सालमा ४९१ जनाको मृत्यु र ३१ जना बेपत्ताको सूचीमा छन्भने ८० हजार बढी परिवार प्रभावित बनेको देखिन्छ र पाँच अर्ब ४२ करोड १७ लाख ५२ हजार ४४४ मूल्य बराबरको क्षति भएको छ।

त्यस्तै, यस वर्षको क्षति बितेका २ वर्षको तुलनामा अधिक छ । २०८१ कात्तिकसम्ममा ६४९ को मृत्यु भयो भने ६६ बेपत्ता छन्, १५ हजार बढी परिवार प्रभावित बनेको देखिन्छ । असोज महिना मात्र २७० को मृत्यु, १८ जना बेपत्ता भएका छन्भने करिब छ हजार २०० परिवार प्रभावित छन्।

विगत तीन वर्षका मानवीय र अन्य क्षतिहरुको विवरणबाट स्पष्ट हुन्छ हामी बर्सेनि निकै ठूलो मात्रामा क्षतिहरु व्यहोर्दैछौँ । के यो हाम्रो नियति हो ? प्रत्येक वर्ष विशेष गरेर वर्षाका बाढी, पहिरो र डुबान गरेर ५०० वा त्योभन्दा धेरै मानवीय क्षति व्यहोर्दै जानुपर्ने बाध्यता हो हाम्रो ? कि हामीले प्रकृतिको भाषा र भाकालाई आत्मसात् गर्दै जीवनयापन गर्न नसकेर यति ठूलो क्षति भोग्नु परिरहेको छ ? प्रकृतिको प्रकृति र प्रवृत्तिअनुसार हामी चल्न नसकेर, नजानेर क्षतिको ग्राफ उक्लिँदै गएको त होइन ? भन्ने प्रश्नहरुको जवाफ खोज्नुपर्ने भएको छ।

प्रकृतिको भाषालाई प्रशासनिक चस्माले मात्र हेरिएकाले यस्तो समस्या आएको त होइन ? कतै शासकीय कमजोरी, अव्यवस्थापन, भौतिक विकासमा गरिने हेलचेक्र्याइँका कारण हामी पीडित बनिरहेका त होइनाँै ? बृहत् विवेचनाको आवश्यकता खड्किएको छ र प्रकोप न्यूनीकरणसँग सम्बन्धित पक्ष र सरोकारवालाहरुले निर्मम आत्मसमीक्षा गर्न टड्कारो बन्दै गएको छ।

बिपी राजमार्गमा वर्षाले धेरै क्षति ग¥यो तर कतिपय स्थानमा खोला मिचेर सडक बनाएको होइन र ? खोला किनाराका घरहरु भत्किए ? खोलाको दोष कि खोलाको किनारामा घर बनाउनेको अल्पज्ञान दोष ? राजधानीमा विकासका नाममा जताततै सडक बनाइए, पानी निकासको उचित प्रबन्ध गरिएन ? एकातिर भूक्षय अर्कोतर्फ मानव सिर्जित फोहरमैला नदीमा फाल्ने प्रवृत्ति र नदीको बहाव क्षेत्र सीमित गर्ने यावत् कर्मले नदीको सतह उचालियो, बाढी आउँदा पानी मानव बस्तीमा पस्यो ? यी यावत् प्रश्नहरु हामी आफैँले सिर्जित गरेको होइन ? अब उत्तर खोजिनु पर्दछ । होइन भने बर्सेनि ठूलो सङ्ख्यामा मानवीय क्षति, अर्बौंका क्षति हुने र पुनर्निर्माणका नाममा झन् ठूलो धनराशि खर्चनुपर्ने सिलसिला बढ्दै जाने खतरा सामुन्ने छन्।

प्रकोप निर्मूल गर्न सम्भव छैन, हाम्रो भूखण्ड नै प्रकोपमूलक भएकाले । तर, प्रकोप न्यूनीकरण गर्न सकिन्छ, अब ध्यान त्यतातिर केन्द्रित हुनुपर्दछ । सरकारका तीन तह सङ्घीय, प्रदेश र स्थानीय तहबीच योजनाबद्ध, कार्यगत समन्वयन र सहकार्य हुनसक्यो भने अहिले भइरहेको क्षतिमा व्यापक सुधार गर्न सकिन्छ । सङ्घीय सरकारले नीतिगत व्यवस्था गर्ने र सबै पालिकाहरुले आफैँले प्रकोपजन्य जोखिम न्यूनीकरण गर्ने योजना बनाउन सक्छन्, जुन प्रभावकारी बन्नसक्छ । यसका लागि स्थानीय तहहरु आफैँले आफ्ना पालिकाहरुको प्रकोप नक्सा बनाउने र त्यहीँ नक्साका आधारमा भौतिक पूर्वाधार, बसोबासका योजनाहरु सञ्चालन गर्ने परिपाटी बन्यो भने अहिले भइरहेका क्षति स्वतः घट्ने हुन्छ । प्रकोप नक्सा बनाउने प्रविधि र जनशक्ति नेपालमा उपलब्ध छ । पालिकाहरुको क्षेत्रफल, भूबनोट, भूगर्भ, खोलानालालगायत आधारमा नक्सा बनाउन चार÷पाँच लाखदेखि बढीमा रु ३०÷३५ लाख लाग्न सक्ने जानकारहरु बताउँछन् । यो रकम पालिकाहरुले आफ्नै स्रोतबाट गर्न सक्छन्।

प्रकोपका घटनाको सामना गर्नुभन्दा प्रकोप न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्नु बुद्धिमानी हो । नक्सा बनिसकेपछि नक्साकै आधार मानेर बस्ती विकास, पूर्वाधार विकास, खानेपानी, फोहर व्यवस्थापनलगायत काम गर्न सकिन्छ । जग्गा कारोबारीको चाहनाअनुसार जथाभावी बाटो निर्माण गर्ने प्रवृत्तिमा नियन्त्रण गर्न नक्सा सहयोगी हुन्छ । हामीहरु भइरहेका प्रकोप नक्साको प्रयोग पनि गरिराखेका छैनाँै, गर्न सकेका छैनौँ । खानी तथा भूगर्भ विभागले कतिपय प्रमुख सहर बजारहरुको प्रकोप नक्सा बनाएको छ । त्यस्तै पहिरोको खतराहरु कहाँकहाँ, कुन रुपमा छन् भन्ने नक्सा पनि विभागमा तयार छ । काठमाडौँ, पोखराको नक्सा त आजभन्दा २७ वर्षअघि बनेको हो । यसबाहेक बुटवल, भरतपुर, धरान, वीरेन्द्रनगर, सुर्खेत, महेन्द्रगर, वीरगञ्ज, जलेश्वर, भद्रपुर, टीकापुर ३१ वटा सहर बजारको प्रकोप नक्सा विभागले बनाएको छ । ती नक्साहरुको व्यावहारिक प्रयोग भयो त ? भएको छैन । कतिपय पालिका नक्साबारे बेखबर छन्भने कतिपय नक्सा कार्यान्वयनको पक्षमा देखिएका छैनन्।

यसमा पोखरालाई उदाहरणका रुपमा लिन सकिन्छ । पोखरा नगरपालिकाको भित्तामा सम्भवतः खानी विभागले त्यसबेला टाँसेको नक्सा अझै हुनुपर्दछ । केही वर्षअघि तत्कालीन लेखनाथ नगरपालिकाको अर्मलेका घरहरु भासिए, सडक भासियो । त्यहाँ जग्गाका कारोबारीहरुले प्लटिङ गरेर घडेरी बेचेका थिए । घडेरी लिनेहरुको घर बनाए । अर्मले आवासका लागि उपयुक्त थियो त ? पोखरा उपत्यकाको प्रकोप नक्सामा अर्मलेको फाँटलाई 'प्रोटो सब्सिडेन्स' भनेर चिनो लगाइएको छ । अर्थात् भासिने खतरा भएको भूसतह भनिएको थियो । भासिनुमा दोष कसको ? हाम्रो बेवास्ता र जथाभावी विकास गर्ने मनोविज्ञानको । यो एउटा घटना मात्र हो । अन्धाधुन्ध सहरीकरण उन्मुख कतिपय सहरहरु आफँै प्रकोपको खतरा निम्त्याइरहेका छन्।

नेपालमा प्रकोप न्यूनीकरणको क्षेत्रमा सन् १९९० देखि काम भएका हुन् । तर यति लामो समयको अनुभवबाट पनि हामीले धेरै सिक्न पाएका छैनौँ भन्ने कुराहरु पनि हुने गर्दछ । समस्या छन् भनेर तदर्थवादमा चलिरहने वा नयाँ शिराबाट अगाडि बढन् ? अहिलको अहम् प्रश्न हो । प्रकोप न्यूनीकरणको समाधान के ? सबैभन्दा पहिला सरकारले आफैँले गरेका काम कार्यान्वयनमा ल्याउन सक्नुप¥यो । खानी विभागको काम नक्सा मात्र कोर्ने हो कि ती नक्सा सम्बन्धित पालिकाहरुमा लगेर नक्साका बारेमा जानकारी पनि दिने हो ? प्रकोप न्यूनीकरणको जिम्मेवारी लिएर बसेको प्राधिकरणले यस्तो काम गर्ने हो कि, होइन ? प्रकोप न्यूनीकरणको काममा प्राविधिक ज्ञान, प्रविधिको उपयोग,पालिकाहरुमा जागरण र जनचेतना पनि आवश्यक हुन्छ । जोखिममा रहेका बसोबासहरुको स्थानान्तरणको प्रश्न पनि आउनसक्छ । यस्तो अवस्थामा संघीय सरकार र पालिकाहरुबीच सहकार्य र समन्वय हुन आवश्यक छ।

सरकारको एउटा निकायले पहिरोका जोखिमहरुको नक्सा बनाउने र हाडड्राइभमा सुरक्षित राख्ने । अर्को निकायले पहिरो गएपछिका मानवीयलगायत क्षतिहरुको विवरणहरु सङ्कलन गरेर आफ्नो वेभ पोर्टलमा प्रकाशन गर्ने ? प्रकोप न्यूनीकरणको जिम्मेवारीको प्राधिकरण गृह मन्त्रालयको मातहत छ र प्रहरीसँग मिलेर उद्धार राहतमा केन्द्रित भएको देखिन्छ । प्रकृति आफ्नो लयमा हुन्छ । वर्षा, भूकम्प, बाढीपहिरो हाम्रा नियति हुन् । प्राकृतिक घटना आफैँमा प्रकोप होइनन् । घटनाहरुले क्षति पु¥याएपछि प्रकोप भनिएको हो । प्रकोप हाम्रा कारणले हुने हो, प्रकोप न्यूनीकरण पनि हाम्रै प्रयासले सम्भव छ । तर यसका लागि प्रकोप न्यूनीकरणको मुद्दालाई राज्यले उच्च प्राथमिकतामा राख्दै निर्मम समीक्षा गर्न आवश्यक छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# प्रधानमन्त्रीसँग एनसिसी भ्रमण दलका प्रतिनिधिको भेटवार्ता



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसँग युवा आदान–प्रदान कार्यक्रम, २०२५ मा सहभागी हुन नेपाल आएका मित्रराष्ट्र भारत, भूटान र माल्दिभ्सका 'राष्ट्रिय क्याडेट कोर' (एनसिसी) का टोलीले सोमबार शिष्टाचार भेट गरेको छ ।
प्रधानमन्त्री ओलीसँग महाशिवरात्रि तथा नेपाली सेना स्थापनाको २६२औँ वार्षिकोत्सवका अवसरमा काठमाडौँमा आयोजना हुने उक्त युवा आदान–प्रदान कार्यक्रममा सहभागी हुन आएको टोलीले प्रधानमन्त्री निवास, बालुवाटारमा भेट गरेको हो ।
प्रधानमन्त्री ओलीले युवा आदान–प्रदानका कार्यक्रमद्वारा नेपाली सेनाले मित्रराष्ट्रका सेनासँगको आपसी सम्बन्धलाई बलियो बनाउनाका साथै क्याडेटबीच सीप, संस्कृति र परम्पराको आदान–प्रदान गर्ने सुनौलो अवसर सृजना गर्दै आएको बताए ।
उनले यस्ता कार्यक्रमले आपसमा सामाजिक, आर्थिक र सांस्कृतिक यथार्थहरूको अझ बढी बु◌ुझाइ र कदर सृजना गर्ने भएकाले आपसी सम्बन्धलाई अझ सुमधुर बनाई सम्पूर्ण संसार एक समुदाय हो भन्ने सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरे ।
प्रधानमन्त्री ओलीले अध्ययन, अवलोकन र जीवनका वास्तविकताहरू अनुभव गरेर सिक्ने प्रक्रिया निरन्तर चलिरहने भएकाले यस मञ्चमार्फत एक ऊर्जावान्, भविष्यका एक सम्मानित र गतिशील युवा बन्न सहभागीलाई प्रेरणा मिलोस् भनी कामना गरे ।
कार्यक्रम अन्तर्गत विभिन्न देशका युवाहरूलाई एकत्रित गरेर उनीहरूलाई बफादार, अनुशासित, जिम्मेवार, भविष्यका असरदार नेतृत्वकर्ता र असल नागरिकका रूपमा रूपान्तरण गर्ने काम गरिन्छ । एनसिसीले युवाहरूमा राष्ट्रियता, देशभक्ति, नेतृत्व, आत्मविश्वास र राष्ट्रसेवाजस्ता गुणहरू विकास तथा प्रवद्र्धन गर्दै आएको छ ।
उक्त ३४ सदस्यीय भ्रमण टोली नेपाली सेनाको निमन्त्रणामा यही फागुन ९ गते नेपाल आएको हो । भेटका अवसरमा नेपालको राष्ट्रिय सेवा दलका कार्यकारी महानिर्देशक उपरथी यामप्रसाद ढकाल, भारतको एनसिसीका महानिर्देशक गुरवीर पाल सिंह, भूटान स्काउट एसोसिएसनका निर्देशक साङ्गे चोदेन, माल्दिभ्सका प्रतिनिधिमण्डलका प्रमुख रिफान अलीलगायत सहभागी थिए । रासस

# 'सशस्त्र प्रहरी बललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाऔँ'

**काठमाडौँ ।**
सांसदहरुले सशस्त्र प्रहरी बललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउने गरी कानन निर्माण हुनुपर्नेमा जोड दिएका छन् ।
प्रतिनिधिसभाको सोमबारको बैठकमा सशस्त्र प्रहरी बल, नेपाल विधेयक २०८१ माथिको छलफलका क्रममा सांसदहरुले सशस्त्र प्रहरी बलको संगठन स्वायत्त बनाउन माग गरे ।
बैठकमा गृहमन्त्री रमेश लेखकले 'सशस्त्र प्रहरी बल, नेपाल विधेयक २०८१ माथि विचार गरियोस्', भनी प्रस्ताव प्रस्तुत गरेका थिए ।
सांसदहरुले सशस्त्र प्रहरी कर्मचारीहरुले सेवा छाड्ने प्रवृत्ति बढेको उल्लेख गर्दै उनीहरुको मनोबल उच्च बनाउने गरी विधेयक निर्माण आवश्यक भएको बताए । उनीहरुले विधेयक समावेशी बनाउनुपर्ने, नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच समन्वय नीति स्पष्ट हुनुपर्ने सुझाव समेत दिएका छन् ।
विधेयकमाथि विचार प्रस्तुत गर्दै नेकपा (माओवादी केन्द्र) का सांसद देवेन्द्र पौडेलले सशस्त्र प्रहरी बलको परिचालन स्वायत्त बनाउन सुझाव दिए । 'यो मिलिटेन्ट कर्मचारीतन्त्र हो । यसको सञ्चालन, परिचालन र नियन्त्रण सिभिलियनलाई दिन मिल्दैन,' सांसद पौडेलले भने, 'यसलाई अलगै स्वायत्त, संस्थाका रुपमा जनसेवामा प्रयोग गर्ने गरी कानून बनाउनुपर्छ ।'
माओवादी केन्द्रका सांसद बिमला सुवेदीले सशस्त्र प्रहरीको परिचालन प्रमुख जिल्ला अधिकारीमार्फत हुने व्यवस्थाले राजनीतिक हस्तक्षेप निम्त्याउन सक्नेमा आशंका व्यक्त गरिन् । उनले नेपाल प्रहरी र सशस्त्र प्रहरी कार्यदेश तथा कार्यक्षेत्रबारे स्पष्ट व्यवस्था हुनुपर्ने सुझाव दिइन् ।
माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले सशस्त्र प्रहरी परिचालन केन्द्र सरकारको नियन्त्रणमा रहने गरी विधेयक बनेको बताए । 'आपत्कालीन अवस्थामा सशस्त्र प्रहरीको परिचालन गर्न प्रदेशले संघीय सरकारको स्वीकृति लिनुपर्ने अवस्थाले तत्कालीन आवश्यकता परिपूर्तिमा ढिलाइ हुनसक्छ,' सांसद घर्तीले भने ।
विधेयकमाथिको छलफलका क्रममा सांसद अमरेशकुमार सिंहले सुरक्षा बललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउने व्यवस्था विधेयकले गर्नुपर्ने राय व्यक्त गरे। 'सशस्त्र प्रहरीको 'चेन अफ कमान्ड' कसको हातमा हुने ? गृह कि प्रमुख जिल्ला अधिकारीको हातमा ?,' सांसद सिंहले भने ।
राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद रोशन कार्कीले सशस्त्र प्रहरी कर्मचारीले बीचमै जागिर छाड्ने समस्या समाधानका विषयमा विधेयक स्पष्ट नभएको बताए । उनले यसलाई राजनीति मुक्त राख्नुपर्नेमा जोड दिए । 'सशस्त्र प्रहरीलाई फोर्सका रुपमा हैन । गृह मन्त्रालयको एउटा शाखाका रुपमा किन राखिएको हो ?,' सांसद कार्कीले प्रश्न गरे ।
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद शेरबहादुर कुँवरले सुरक्षा बललाई राजनीतिबाट जोगाउने गरी कानून निर्माण गर्नुपर्ने बताए ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सुमना श्रेष्ठले सशस्त्र प्रहरीलाई सीमा सुरक्षामा परिचालनमा गर्न आवश्यक रहेको बताइन् । सशस्त्र प्रहरीलाई कमजोर बनाइएको भन्दै उनले प्रमुख जिल्ला अधिकारीले परिचालन गर्ने व्यवस्थाप्रति आपत्ति जनाइन् ।
रास्वपाका सांसद विराजभक्त श्रेष्ठले सीमा अपराधको परिभाषा स्पष्ट पार्दै यसका लागि सशस्त्र प्रहरी परिचालन गर्नुपर्ने धारणा प्रस्तुत गरे । उनले सशस्त्र प्रहरीलाई विपद् व्यवस्थापन र सीमा सुरक्षामा सशस्त्र प्रहरी परिचालनमा जोड दिए ।
रास्वपा सांसद गणेश पराजुलीले सुरक्षा बललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउन जोड दिँदै संगठन प्रमुखलाई जवाफदेही र जिम्मेवार बनाउनुपर्ने सुझाव प्रस्तुत गरे । उनले भने, 'बढुवाका लागि योग्य अधिकारीहरु राजनीतिक शक्ति केन्द्रको घरघरमा पुगेको देखिन्छ । अधिकारीहरु घरसम्म नपुगे भने त्यहीँबाट बोलावट हुन्छ । राज्यमा कानुनी सर्वोच्चता हुनुपर्नेमा हामीले कति हदसम्म राजनीतिकीकरण गरिरहेका छौँ ?'
विधेयकमाथिको सैद्धान्तिक छलफलमा नेकपा (एमाले) का सांसद योगेशकुमार भट्टराईले सशस्त्र प्रहरी अर्धसैनिक बलको चरित्रमा रहेको उल्लेख गर्दै यसलाई आफ्नै संगठनको 'चेन अफ कमान्ड' मा सरुवा, बढुवालगायत वृद्धिविकासमा संगठनको प्रमुख अधिकारीहरुलाई जिम्मेवार बनाउनुपर्ने बताए। उनलेसंगठन प्रमुखलाई नै मुख्य जवाफदेही बनाउनुपर्ने भन्दै विधेयकमा आवश्यक सुधारका लागि सुझाव प्रस्तुत गरे ।
'सशस्त्र प्रहरी कस्तो अवस्थामा निर्माण गरिन्छ भन्नेबारे सुझाव दिन गठित सुझाव कार्यदलले थुप्रै सुझाव दिएको छ । विधेयकले ती सुझावहरुको उचित सम्बोधन गरेको छैन,' सांसद भट्टराईले भने ।
एमाले सांसद रघुजी पन्तले सशस्त्र प्रहरीलाई सीमा सुरक्षा, विपद् व्यवस्थापन र द्वन्द्व नियन्त्रण मुख्य जिम्मेवारी दिनुपर्ने राय व्यक्त गरे । उनले सशस्त्रलाई स्रोत साधन र उपकरणयुक्त बनाउनुपर्ने आवश्यकता औँल्याए ।
एमाले सांसद दामोदर पौडेल वैरागीले विधेयकमा अनिवार्य अवकाशको उमेर हद परिवर्तनको प्रभावबारे स्पष्ट हुनुपर्नेमा जोड दिए ।
नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले सशस्त्र प्रहरीलाई दज्र्यानी चिह्न निर्वाचित संस्थाबाट दिने व्यवस्था गर्न सुझाव दिए । 'सशस्त्र प्रहरीको नियुक्ति सरकारले गर्छ तर दज्र्यानी चिह्न गृह सचिवले लगाउने प्रचलन छ। विधेयकमा पनि यही आउनु राम्रो भएन कि त प्रधानमन्त्री कि त गृहमन्त्रीले दज्र्यानी चिह्न राख्ने व्यवस्था गरौँ,' उनले भने ।
लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले सशस्त्र प्रहरीको कार्यक्षेत्र स्पष्ट तोक्न आवश्यक रहेको बताए । सशस्त्र प्रहरी बललाई समावेशी बनाउनुपर्नेमा समेत जोड दिए ।
राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद बीना लामाले सशस्त्र प्रहरीलाई प्रमुख जिल्ला अधिकारीले परिचालन गर्नसक्ने व्यवस्था उचित नभएको बताइन् । 'सशस्त्र प्रहरी बललाई फोर्सका रुपमा हैन मन्त्रालयको शाखाका रुपमा राख्न खोजिएको छ, यसलाई प्रमुख जिल्ला अधिकारीको मातहतमा राख्ने गरी विधेयकले व्यवस्था गरेको छ, यो उचित होइन,' सांसद लामाले भनिन् ।
विधेयकमाथिको छलफलमा सांसदहरु मनीष झा, बासुदेव घिमिरे, विजुला रायमाझी, शिव नेपाली, अमृतलाल राजवंशी, सूर्यप्रसाद ढकाल, भगवती चौधरी, सराज अहमद फारुकी, अशोक चौधरी र रणेन्द्र बराली, धुव्रबहादुर प्रधान, अच्युतप्रसाद मैनाली, मेटमणि चौधरी, प्रतीक्षा तिवारीलगायतले विचार प्रस्तुत गरेका थिए । रासस

# सरकार फेर्ने पक्षमा लाग्दैनौँः अध्यक्ष प्रचण्ड



**झापा ।**
नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकार फेर्ने पक्षमा आफूहरु नलाग्ने बताएका छन् ।
पार्टीले सोमबार कचनकबलबाट सुरु गरेको 'जनतासँग माओवादीः तराई–मधेश जागरण अभियान' को उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले नेकपा माओवादी केन्द्र अब जनतासँग जाने धारणा व्यक्त गरे ।
'सरकार फेर्ने पक्षमा लाग्दैनौँ, कसरत पनि गर्दैनौँ'उनले भने,'हामीले संकल्प गरेर जनतासँगै सहकार्य गरेर अघि बढ्ने अठोट लिएका छौँ ।'
विगतमा नेकपा एमाले र नेपाली कांग्रेससँग सत्ता सहकार्य गर्दा पार्टीले जनतासँगको सम्बन्धबाट विमुख हुनुपरेको जनाउँदै उनले हिजोका दिनमा भएका कमी कमजोरीप्रति आत्मालोचना र समीक्षा गरेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।
उनले सबै जातजाति तथा भाषाभाषीसँगको सम्बन्धलाई प्रगाढ बनाउन र एकता कायम गर्ने उद्देश्यले जागरण अभियान सुरुवात गरेको बताए ।
आगामी आम चुनावमा पार्टीले एक्लै चुनाव लड्ने उल्लेख गर्दै उनले यसअघि माओवादीसँग सहकार्य गरेर एमाले र कांग्रेस ठूलो पार्टी बनेको स्मरण गराए ।
उनले भने, 'जुनबेला हामीले उनीहरुसँग सहकार्य ग¥यौँ, उनीहरु नै ठूला पार्टी बने । तर, जुनबेला हामी एक्लै चुनाव लडेका थियौँ, त्यसबेला जनताले हामीलाई ठूलो पार्टी बनाएका थिए ।'
झापाका जनताले भोगिरहेको जंगली हात्तीको समस्या समाधान गर्न सरकारले ठोस कार्यक्रम ल्याउन नसकेको उनले बताए । अध्यक्ष प्रचण्डले चिया किसान र श्रमिकका समस्या समाधान खोज्न पार्टीले अगुवाई गर्ने प्रतिवद्धता व्यक्त गरे ।
उनले आफू दोस्रोपटक प्रधानमन्त्री भएर झापामा सुरुवात गरेको धान सुपरजोन परियोजना हाल बन्द रहेकोमा चिन्ता व्यक्त गरे । कचनकबलबाट सुरु भएको जनतासँग तराई मधेश जागरण अभियान आगामी चैत ७ गते कञ्चनपुरमा पुगेर समापन हुने पार्टीका झापा इञ्चार्ज रञ्जित तामाङले जानकारी दिए । रासस

# परराष्ट्रमन्त्री र स्वीट्जरल्याण्डका विदेशमन्त्रीबीच भेट

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र स्वीट्जरल्याण्डका विदेशमन्त्री इग्नाजियो डेनिले जियोभानी क्यासिसबीच सोमबार जेनेभामा द्विपक्षीय भेटवार्ता भएको छ ।
संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को ५८ औँ उच्चस्तरीय सत्रमा सहभागिताका लागि जेनेभामा रहेकी मन्त्री डा.देउवा र स्वीस विदेशमन्त्रीबीच साइडलाइन भेटवार्ता भएको हो ।
भेटका अवसरमा उनीहरुबीच द्विपक्षीय हित,आपसी चासोका विषयमा कुराकानी भएको थियो । भेटमा मन्त्री डा.देउवाले आर्थिक, सामाजिक क्षेत्रका साथै नेपालको शान्ति प्रक्रियामा स्वीस् सरकारको सहयोग र सद्भावका लागि धन्यवाद ज्ञापन गरिन् ।
उनले नेपालले सन् २०२७ देखि २०२९ सम्मका लागि संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद् सदस्य, सन् २०२९ देखि २०३१ सम्मका लागि आर्थिक तथा सामाजिक परिषद्को सदस्य एवं सन् २०३७ देखि २०३८ का लागि सुरक्षा परिषद्को अस्थायी सदस्यमा उम्मेदवारी दिएकाले यसमा सहयोगका लागि स्वीस् सरकारलाई पनि आग्रह गरिन् ।
उनले आगामी मे महिनामा नेपालले जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्यको विषयलाई मुख्य विषय बनाएर सगरमाथा संवाद कार्यक्रम आयोजना गरेकाले सहभागिताका लागि स्वीस् सरकारलाई पनि आमन्त्रण गरिन् । भेटवार्तामा संयुक्त राष्ट्रसंघका लागि जेनेभास्थित नेपाली स्थायी प्रतिनिधि रामप्रसाद सुवेदीलगायत पनि उपस्थित थियो । रासस

# 'सामाजिक सञ्जालको नियमनबाट सामाजिक सद्भाव'




**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्न सामाजिक सञ्जालको सञ्चालन,प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक जरुरी रहेको बताएका छन् ।
न्यूनतम पारिश्रमिक निर्धारण समितिले सोमबार 'श्रमजीवी पत्रकार ऐन कार्यान्वयन र ऐन संशोधनको सम्बन्ध' मा आयोजित अन्तक्रि्रया कार्यक्रम मन्त्री गुरुङले सामाजिक सञ्जाल नियमनसम्बन्धी बन्न लागेको विधेयकले कुनै मिडिया र अनलाइन माध्यम बन्द गर्ने नभई सामाजिक सञ्जालमा जथाभाबी समाज र राष्ट्र विरोधी अभिव्यक्ति नियमन गर्न खोजेको प्रस्ट पारे ।
नेपाल सरकारका प्रवक्ता समेत रहेका मन्त्री गुरुङले दहीजस्तै जमेर बसेको समाजमा सामाजिक सञ्जालमा पोखिने कतिपय अराजक अभिव्यक्ति लोकतन्त्र विरोधी रहेको उल्लेख गर्दै वर्तमान सरकार लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षधर रहेको बताए । 'हामीले विधेयकमार्फत सामाजिक सञ्जाल दुरुपयोग गर्ने र लोकतन्त्रमा दक्खल दिनेहरूलाई नियमन गर्न खोजेका हौँ, कुनै मिडिया, पत्रकार र नागरिकको आवाज बन्द गर्ने मनसायमा छैनौँ ।'
राष्ट्रिय सभामा छलफलको क्रममा रहेको उक्त विधेयकउपर नेपाल पत्रकार महासंघ र सम्बन्धित सरोकारवालाले सांसदहरुलाई आवश्यक दफावार संशोधन गर्न सुझाव दिन सक्ने मन्त्री गुरुङको भनाइ थियो । नेपाल पत्रकार महासंघले विधेयकविरुद्ध आन्दोलन गर्नुको सट्टा विधेयक जनमुखी बनाउन दफावार छलफलमा सुझाव दिन सक्ने उनले बताए । 'पत्रकारहरूले आन्दोलन गर्ने होइन, बरु विधेयक राम्रो बनाउन थप सुझाव दिनुपर्छ', उनले भने,'सामाजिक सञ्जालसम्बन्धी बन्न लागेको विधेयक बन्देज होइन, नियमन मात्रै हो ।'
त्यस्तै, मन्त्री गुरुङले न्यूनतम पारिश्रमिक निर्धारण समितिको ऐन संशोधन गर्ने तथा सशक्त निकाय बनाउनेमा मन्त्रालय सधैँ सहकार्य गर्न तयार रहेको बताए । रासस

# कांग्रेसको स्थानीय तह समन्वय विभागमा दश सदस्य थप

**काठमाडौँ ।**
कांग्रेसको स्थानीय तह समन्वय विभागमा दस सदस्य मनोनयन गरिएको छ । सभापति शेरबहादुर देउवाले पार्टीको विधान २०१७ (संशोधन सहित)को धारा २५ (९) बमोजिम पार्टी केन्द्रीय सदस्य मधु आचार्य प्रमुख रहेको विभागमा आज दश सदस्य मनोनयन गरेका हुन् । मनोनीत सदस्यमा गीता सत्याल (ललितपुर), उमा थापा (बाँके), विनोद यादव (महोत्तरी), रविन राई (मोरङ), डा.हेमराज लामिछाने (चितवन), पुरुषोत्तम नेपाल (काभ्रेपलाञ्चोक), राजु गुरुङ (गोरखा), बाबुकृष्ण सापकोटा (धादिङ), गोरखबहादुर सुनार (जुम्ला) र निर्प खड्का (कैलाली) रहेका कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । रासस

# हरियाली उद्यान बनाउन टहरा हटाइँदै

**ललितपुर ।**
ललितपुर महानगरपालिका–५ लगनखेलमा हरियाली उद्यान बनाउन टहरा भत्काउन थालिएको छ । न्हुँ पुखुको पूर्वपट्टि सार्वजनिक जग्गामा बनेका टहरा महानगरपालिकाले हटाउन थालेको हो ।



टहरा भत्काएर हरियाली उद्यान बनाउन लागिएको ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले बताए । 'हामीले हरियाली प्रवद्र्धन र पोखरी संरक्षणलाई जोड दिँदै आएका छौँ, सहरभित्र खुला स्थानको अभाव हुँदै गएको छ, ललितपुरको मुख्य केन्द्र लगनखेलमा रहेका सप्तपाताल पुखु, न्हूँ पुखु र पलेस्वाँ पुखुलाई संरक्षण गर्दै वरिपरिको सुन्दर वातावरण कायम राख्न उद्यानबाट मद्दत पुग्नेछ,' उनले भने । नमूना मच्छिन्द्र माध्यमिक विद्यालयसँगै १४ रोपनी दश आनामा रहेको सप्तपाताल पोखरी र राजदल गणसँगैको ३० रोपनीमा पलेस्वाँ पोखरी पुनःनिर्माणको चरणमा छ । टहरा भत्काइएको पश्चिमतर्फ न्हुँ पोखरी छ । यी तीन पोखरी र यहाँ बनाउन लागिएको उद्यानलाई गौरवको ठूलो परियोजनाका रुपमा बजेट विनियोजन गरेर महानगरले काम अगाडि बढाउँदै गएको छ । टिकाभैरव राजकुलोको पानी ल्याएर पोखरी पुनर्भरण गर्ने योजनाअनुरुप काम भइरहेको महानगर प्रमुख महर्जनले बताए । 'ढोलाहिटीसम्म आइपुगेको राजकुलो पोखरीमा ल्याउन चक्रपथ सडक खन्नुपर्छ । चक्रपथ सडक खन्न सडक विभागले अनुमति दिइसकेको छ,' उनले भने । लगनखेलस्थित नमूना मच्छिन्द्र स्कुलले पोखरीको जग्गा लामो समयदेखि प्रयोग गर्दै आएको थियो । विसं २०७६ मा सर्वोच्च अदालतले पोखरीको पक्षमा निर्णय गरेपछि पोखरी निर्माणको काम अघि बढाउन सहज भएको थियो । लगनखेलका स्थानीयवासी तथा सप्तपाताल बचाउ अभियन्ता पूर्ण स्थापितले पोखरी अतिक्रमण रोक्न २०६१ सालमा सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएका थिए । सर्वोच्च अदालतको फैसलासँगै सप्तपाताल पोखरी पुनर्निर्माणको काम सुरु भएको थियो । महानगरका इन्जिनियर प्रदीप पौडेलले डेढ वर्षभित्र पोखरीसहितको उद्यान निर्माण सम्पन्न हुने बताए । 'पोखरी खन्ने र पोखरीको माटो परीक्षण गर्ने काम सकिएको छ, पोखरीसँगै बाल उद्यान, फल्चा बनाउने गरी डिजाइन गरेका छौँ', उनले भने । रासस

# सुर्खेतमा 'तरल नाइट्रोजन प्लान्ट' बन्दै



**सुर्खेत ।**
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले राजधानी सुर्खेतको वीरेन्द्रनगरमा बन्न लागेको 'तरल नाइट्रोजन प्लान्ट' भवनको सोमबार शिलान्यास गरेका छन् ।
कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहतको पशुपन्छी विकास निर्देशनालयको परिसरमा उक्त भवन निर्माण गर्न लागिएको हो । चार करोड ८५ लाख रुपैयाँको लागतमा यो भवन निर्माण गर्न लागिएको हो ।
भवन शिलान्यास गर्दै मुख्यमन्त्री कँडेलले उन्नत जातका पशुपन्छी उत्पादन गर्न प्लान्ट भवन निर्माणले सहज हुने बताए । यस्तै तरल नाइट्रोजन प्लान्ट स्थापनाले प्रदेशलाई दूधमा समेत आत्मनिर्भर बनाउन मद्दत पुग्ने उनको भनाइ छ ।
प्लान्ट स्थापनापछि गाई, भैँसीको नस्ल सुधार, उच्च गुणस्तरका पाडा र बाच्छा उत्पादन गर्ने लक्ष्य छ । मन्त्रालयले गत आर्थिक वर्षमा ४० लाख रुपैयाँको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर काम अगाडि बढाएको थियो । यसबाट पशुको वीर्य भण्डारण र कृत्रिम गर्भाधान नस्ल सुधार गर्न सहज हुने छ ।
प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाहले बाहिरबाट खरिद गरेर ल्याइएका उच्च जातका राँगा र साँढेको वीर्यलाई सुरक्षित राख्न र कृत्रिम गर्भाधान प्रक्रियामा प्रयोग गर्न भवन सहयोगी हुने बताए । रासस

# व्यापार सहजीकरणका लागि छलफल

**काठमाडौँ ।**
मित्रराष्ट्र चीनको सिजाङ स्वायत्त प्रदेशका वाणिज्य विभागका महानिर्देशक चेन जुन र नेपाली महावाणिज्यदूतावास ल्हासाका महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलाबीच सोमबार महावाणिज्यदूतावासमा भेटवार्ता भएको छ ।




भेटमा व्यापार, वाणिज्य, पारवहन, व्यापार मेला र व्यापार सहजीकरण समितिको बैठकलगायत दुई देशबीचका सम्बन्धका विविध विषयमा छलफल भएको ल्हासास्थित महावाणिज्यदूतावासले जनाएको छ ।
बैठकमा महावाणिज्यदूत निरौलाले हिमाल, पहाड र नदीनालाले जोडिएका यी दुई देशबीच ऐतिहासिक सम्बन्ध रहेको उल्लेख गर्दै चीनले नेपाललाई हालसम्म पुर्‍याएको सहयोगका निम्ति आभार व्यक्त गरे । उनले आगामी दिनमा पनि यस प्रकारको सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गरे ।महानिर्देशक चेनले दुई देशबीच सम्बन्ध सुदृढ बनाउन महावाणिज्यदूतावासले निर्वाह गरेको भूमिकाको सराहना गर्दै दुई दैशबीच सम्बन्ध सुदृढीकरण र नेपालको विकासमा सहयोग गर्न चीनसधैँ तयार रहेको जानकारी गराए ।
बैठकमा दुवै पक्षबाट नेपाल चीनबीच व्यापार, वाणिज्य र पारवहन क्षेत्रलाई थप सुदृढ बनाउन नेपालको कृषि उत्पादनलाई चीनमा निर्यात गर्न पहल गर्ने सहमत भएका छन् ।
सन् २०१९ मा भएको चिनियाँ राष्ट्रपति सि जिन पिङको नेपाल भ्रमणका क्रममा कार्यान्वयन गर्ने भनिएका आयोजनाहरूको प्रभावकारी कार्यान्वयन गर्न क्रियाशील रहने, सबै सीमा नाकालाई अझ प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थित गर्न पहल गर्ने विषयमा छलफल भएको थियो ।भेटवार्तामा सीमा नाकाहरूमा देखिएका समस्या समाधान गर्न संयुक्त प्रयास गर्ने, त्यस क्षेत्रको पूर्वाधार विकास गर्ने, दुइ पक्षीय भ्रमणहरू आदानप्रदान गर्ने, एक अर्का देशमा आयोजना हुने व्यापार मेला र महोत्सवहरूमा सहभागिता जनाउने र दुई देश र जनताको हितका कार्यहरूमा समन्वयात्मक रूपमा कार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको महावाणिज्यदूतावासले जनाएको छ । रासस

# केराको 'फाइबर'बाट हस्तकलाका सामग्री

**स्याङ्जा ।**
स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले केराको 'फाइबर'बाट हस्तकलाका सामग्री बनाउँदै आएको छ । गाउँपालिकाले नवप्रवर्तन साझेदारी कृषि कार्यक्रम अन्तरगत स्थानीय कच्चा स्रोतको व्यापारिक उपयोगितासम्बन्धी परियोजनामार्फत गण्डकी प्रदेशसँगको साझेदारीमा हस्तकलाका सामग्री बनाउँदै आएको हो ।
आव २०७९÷८० मा प्रदेशको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लागत साझेदारीमा परियोजना सञ्चालनमा आएको हो । एक करोड रुपैयाँ लागत साझेदारी रहेको उक्त परियोजनामार्फत व्यावसायिकता अभिवृद्धिका लागि हस्तकलाका सामग्री बनाउने ४५ दिने तालिम दिएको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले बताए ।
फाइबरका लागि कच्चापदार्थको रूपमा केराको थाम आवश्यक पर्ने भएकाले किसानलाई निःशुल्क केराका बोट उपलब्ध गराएको उनले बताए । 'फाइबरका लागि केराको थाम आवश्यक पर्छ, यसलाई प्रशोधन गरी डोरी बनाइन्छ' उनले भनिन्, ४५ दिने तालिम लिएकामध्ये हाल दैनिक ज्यालादारीमा सात महिलाले नियमितरुपमा हस्तकलाका सामग्री बनाउँदै आएका छन् ।
किसानले लगाएको केराबाट उत्पादन लिइसकेपछि खेर जाने केराको थाम पालिकाले निश्चित शुल्क तिरेर खरिद गरिदिने गरेको उनले बताए । गाउँपालिकाले फाइबरका लागि आवश्यक पर्ने कच्चापदार्थ केराको थाम उत्पादन गर्न पालिकाभित्रका किसानलाई मागका आधारमा बीस हजार केराका बेर्ना निःशुल्क वितरण गरेको थियो । पालिकाले किसानबाट प्रति थाम २५ रुपैयाँदेखि ४५ रुपैयाँसम्ममा खरिद गर्दै आएको छ ।
त्यसै खेर जाने केराको थामलाई प्रशोधन गरी विभिन्न हस्तकलाका सामग्री बनाउँदै आएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए । बाहिरबाट आयात हुने अतिथि सत्कारका सामग्रीलाई निरुत्साहित गर्दै स्थानीय कच्चापदार्थको प्रयोग गरी यहीँ बनाइएका हस्तकलाका सामग्रीको प्रयोगमा जोड दिइएको अध्यक्ष थापाले बताए ।
'गाउँपालिकामार्फत अहिले खादा, गलैँचा, झोला बनाउँदै आएका छौँ' अध्यक्ष थापाले भने, 'अब गुणस्तरीय र बजारमा माग हुने किसिमका हस्तकलाका सामग्री उत्पादनमा जोड दिन्छौँ ।' पछिल्लो समय बढ्दो प्लास्टिकजन्य फोहरकाकारण वातावरणमा असर भइरहेका बेला खेर जाने केराको थामको प्रयोगबाट हस्तकलाका सामग्री बनाएर प्रयोग गरिने अध्यक्ष थापाले बताए ।
गाउँपालिकाले उत्पादन गरेको खाँदा, गलैँचा, मायाको चिनोसहित आगामी दिनमा फाइबरको झोला बनाउने तयारी गरेको छ । यहाँ उत्पादन भएका सामग्री गाउँपालिका आफैले प्रयोग गर्ने र अन्यत्र पनि पठाउँदै आएको छ । गाउँपालिकाले दैनिक ज्यालादारी उपलब्ध गराउने गरी सात जनालाई रोजगारीसमेत दिएको छ । केराको फाइबरबाट बनाइएका हस्तकलाका सामग्रीको प्रयोगकर्ता बढ्दै गएका छन् । रासस

# वेस्ट बैंकमा भएको हिंसाप्रति राष्ट्रसङघद्वारा चिन्ता व्यक्त

**जेनेभा ।**
इजरायलले कब्जा गरेको प्यालेस्टाइनी भूभागमा विस्तारित सैन्य कारबाहीको घोषणासँगै संयुक्त राष्ट्रसंघका प्रमुखले पश्चिमी किनारा (वेस्ट बैँक) मा इजरायली बसोवास गर्नेहरूको बढ्दो हिंसाप्रति सोमबार चिन्ता व्यक्त गरेका छन् ।
इजरायलले आफ्नो सेना केही महिनासम्म पश्चिम किनाराका शरणार्थी शिविरमा रहने बताएको छ ।
त्यहाँ बसोबास गर्ने दशौं हजार प्यालेस्टिनीहरू तीव्र सैन्य कारबाहीका कारण विस्थापित भएका छन् ।एन्टोनियो गुटेर्रेसले जेनेभामा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा भने, 'इजरायलीहरूले कब्जा गरेको पश्चिमी किनारामा उनीहरूबाट बढ्दो हिंसा र अन्य उल्लङ्घनका साथै एकीकरणको मागप्रति म गम्भीर चिन्तित छु ।'
प्यालेस्टाइनको छुट्टै क्षेत्र गाजा पट्टीमा युद्धविराम लागु भएलगत्तै सेनाले एक महिनाअघि पश्चिम किनाराको उत्तरी क्षेत्रमा प्यालेस्टिनी लडाकूविरुद्ध ठुलो आक्रमण शुरु गरेको थियो ।
जेनिन, तुलकारेम र टुबास सहरनजिकका थुप्रै शरणार्थी शिविरमा वेस्ट बैंकको आक्रमण विस्तारै विस्तार हुँदै गएको छ ।
आइतबार पनि इजरायली सेनाले जेनिनमा लडाकू ट्याङ्कर तैनाथ गर्ने घोषणा गरेको थियो । इजरायलले जेनिनमा आफ्नो अभियान 'विस्तार' गरिरहेको थियो ।
सन् २००५ मा दोस्रो प्यालेस्टिनी 'इन्तिफादा' भनिने विद्रोहको अन्त्यपछि पश्चिम किनारामा बख्तरबन्द बख्तरबन्द लडाकू गाडीहरू गाडीहरू तैनाथ भएको यो पहिलो पटक हो ।सन् २०२३ को अक्टोबर ७ मा इजरायलमा हमासको घातक आक्रमणपछि सुरु भएको गाजा युद्ध सुरु भएयता पश्चिमी किनारामा हिंसा बढेको छ ।
गुटेर्रेसले गत जनवरी १९ देखि गाजामा जारी युद्धविरामको महत्वमाथि जोड दिएका छन् । उनले भने,'हामी अनिश्चित युद्धविरामको साक्षी बनिरहेका छौं । हामीले कुनै पनि हालतमा शत्रुताको पुनरुत्थानबाट बच्नुपर्छ । गाजाका जनताले पहिले नै धेरै दुःख भोगेका छन्,' उनले भने ।
उनले भने, 'यो स्थायी युद्धविरामको समय हो, बाँकी रहेका सबै बन्धकहरूको सम्मानजनक रिहाई, दुई–राज्य समाधानको दिशामा अपरिवर्तनीय प्रगति, कब्जाको अन्त्य र गाजालाई एक अभिन्न अंगको रूपमा एक स्वतन्त्र प्यालेस्टिनी राज्यको स्थापना यसको निर्दिष्ट लक्ष्य हुनुपर्छ ।' रासस

# पोखरामा त्रिदेशीय पर्यटन प्रदर्शनी

**गण्डकी ।**
पर्यटन राजधानी पोखरामा पहिलो पटक त्रिदेशीय पर्यटन प्रदर्शनी नाइस–२०२५ (नेपाल–इण्डिया चाइना–प्रदर्शनी) सोमबारदेखि शुरु भएको छ । छिमेकी मुलुक भारत र चीनबाट बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउने उद्देश्यका साथ प्रदर्शनी शुरु गरिएको जनाइएको छ ।
तीन दिनसम्म चल्ने प्रदर्शनीमा पर्यटन क्षेत्रका ८० क्रेता, ७० बिक्रेता र ७५ अन्तर्राष्ट्रिय प्रतिनिधिसहित छ सयभन्दा बढीको सहभागिता छ ।
प्यासिफिक एशिया ट्राभल एशोसिएसन (पाटा) नेपाल च्याप्टरले नेपाल पर्यटन बोर्ड, पोखरा पर्यटन परिषद् र अन्य सरकारी तथा निजी क्षेत्रका साझेदार सरोकारवालाहरुको सहकार्यमा प्रदर्शनी आयोजना गरिएको जनाएको छ ।
प्रदर्शनीले तीन देशका सरकारी र निजी क्षेत्रका पर्यटन र सरोकारवाला संस्थालाई एकै थलोमा ल्याएर उनीहरुबीच व्यावसायिक अनुभवको साथै सञ्जाल विस्तार र व्यापार अवसरहरू सृजना गराउने विश्वास लिइएको छ ।
पोखरा प्रकृतिप्रेमीका साथै साहसिक गतिविधिमा रमाउनेका लागि गन्तव्य बन्दै गएको छ । समुद्री सतहदेखि ८२२ मिटरको उचाइमा अवस्थित पोखरा तालहरूको सहर र हिमालय र पदमार्गको प्रवेशद्वारका रूपमा पनि चिनिन्छ । यहाँबाट विश्वका १४ अग्लो चुचुराहरूमध्ये तीन धौलागिरि, अन्नपूर्ण–१ र मनास्लु हिमाल हेर्न सकिन्छ ।
'नाइस फर माइस एण्ड मोर' भन्ने नाराका साथ आयोजना भएको प्रदर्शनीले पोखरालाई पदयात्रा र साहसिक पर्यटन केन्द्रका रूपमा मात्र नभई माइस पर्यटन (अर्थात् बैठक, सभा सम्मेलन, प्रोत्साहन, विवाह तथा अन्य उत्सव, महोत्सव, समारोह, मेला र प्रदर्शनी) का लागि आकर्षक गन्तव्यको रूपमा प्रवद्र्धन गर्ने



पाटा नेपालले जनाएको छ ।
पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत (सिइओ)सुरेशसिंह बुडालले दुई ठूला अर्थतन्त्र तथा पर्यटन स्रोत बजार भारत र चीनमा नेपालको पर्यटन सम्भाव्यता र एकीकृत व्यावसायिक अवसरलाई प्रवद्र्धन गर्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको बताए ।
प्रदर्शनीको दोस्रो दिन फागुन १३ गते द नलेज फोरमले 'भिसा डेस्टिनेसन इनसाइट्सः सपोर्टिङ द टुरिजम इकोसिस्टम टु सस्टेनेबल ह्स्पिटालिटी फ्रम कन्स्ट्रक्सन टु अपरेसन'लगायतका विषयमा पर्यटन विशेषज्ञहरुले ज्ञान आदनप्रदान गर्नेछन् । साथै प्रदर्शनीमा बिटुबी प्रदर्शनी, व्यावसायिक बैठक तथा सञ्जाल विस्तारका सत्रहरु पनि आयोजना हुनेछन् ।
प्रदर्शनीले भारत र चीनबाट धेरैभन्दा धेरै पर्यटक नेपाल ल्याउनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै पर्यटन सम्भावना र एकीकृत व्यापार प्रवद्र्धनका लागि पनि प्रदर्शनी सहयोगी बन्ने विश्वास गरिएको छ । कार्यक्रमले तीन देशबीच विशेष गरी पर्यटन, आतिथ्य र सम्बन्धित उद्योगका क्षेत्रमा व्यापारिक सञ्जाल र सहकार्य अभिवृद्धि गरी व्यापार सम्बन्धलाई थप सुदृढ गर्न मद्दत गर्नेछ ।
पोखरा भ्रमण वर्ष २०२५ को सन्दर्भ पारेर पहिलो पटक करिब २० करोड पर्यटकको यात्रा व्यवस्थापन गर्ने नेपाल, भारत र चीनका विश्वप्रसिद्ध ट्राभल कम्पनीहरू, टुर अपरेटरहरू, पर्यटनविद्हरू तथा आयोजक संस्थाका अन्तर्राष्ट्रिय प्रतिनिधिहरू पोखरामा भेला हुन महत्त्वपूर्ण र ऐतिहासिक क्षण भएको पोखरा महानरपालिका प्रमुख धनराज आचार्यले बताए ।
अन्तर्राष्ट्रिय प्रदर्शनीले भविष्यमा अपेक्षित पर्यटकलाई आमन्त्रण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे । नेपाल, भारत र चीनबीचको पर्यटन, व्यापार, र सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउने उनको भनाइ छ ।
'यो विशेष कार्यक्रम हाम्रो क्षेत्रीय सहकार्य र समृद्धिको सेतु बन्नेछ', महानगरप्रमुख आचार्यले भने,'व्यापार, पर्यटन, र साझेदारीलाई बलियो बनाउन, हामी सबैको साथ र सहभागिता अपरिहार्य छ ।' पोखराको पर्यटन प्रवद्र्धनमा प्रदर्शनी विशेष महत्वको हुने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताए ।
'एक्स्पोले पोखराको पर्यटकीय सम्भावनालाई पनि थप उजागर गर्नेछ',उनले भने, 'पोखरासहित समग्र देशको पर्यटन प्रवद्र्धनसँगै त्रिदेशीय पर्यटकीय साझेदारीका लागि पनि यो महत्वपूर्ण उपलब्धि हुनेछ ।' रासस

# ब्रिटिस लाहुरेको सपना छोडेर खेलाडी बने दीपक

**सुर्खेत ।**
चाहना ब्रिटिस आर्मीमा भर्ती हुने र धेरै पैसा कमाउने भए पनि समय र परिस्थितिले दीपक हमाललाई त्यसो हुन दिएन । आफू र आफ्नो घरपरिवारको आर्थिक अवस्थाका कारण पनि दीपक लाहुरे हुन चाहन्थे । लाहुरे भएपछि धेरै पैसा कमाउने र घरको आर्थिक अवस्थालाई बलियो बनाउने योजना थियो । तर सबैका सबै योजना पूरा कहाँ हुन्छन् अनि सबै सपनाहरु विपनामा साकार पनि त हुँदैनन् । सायद त्यसैले होला दीपकको त्यो सपना सपनामै सीमित हुने रहेछ र उनी खेलाडी दीपकका रुपमा अगाडि बढे । विसं २०४९ असोज १५ गते सुर्खेतको छिञ्जुमा जन्मिएका दीपक आफ्नो सपनालाई त्यागेर उसु खेलतर्फ मोडिनु पनि समयको चक्र नै मान्नुपर्छ । विभिन्न समयमा भएका खेलहरुमा स्वर्ण र कास्य पदकको विजेता बन्नु थियो सायद । १३औँ दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण विजेता दीपक 'प्लस टू'को अध्ययन सकेपछि मात्रै पूर्ण रुपमा खेल क्षेत्रमा होमिने अवसर प्राप्त गरेका हुन् । शुरुमा फिटनेसका लागि खेलकुद रोज्नुभएका उसु खेलाडी दीपक पछिल्लो समय राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा चिनिन्छन् । खेलजगत्ले नै उनीलाई दीपक बनाएको छ । दीपकले २०६८ सालमा फिटनेसका लागि सेन्सन केन्द्रीय खेलकुद परिषद्बाट उसु खेललाई रोजेका थिए । प्रकाश लामाबाट प्रशिक्षण लिएका उनले दुई वर्षपछि २०७० सालमा नेसनल च्याम्पियन शुरु गरेका थिए । त्यसलगत्तै उनले २०७० मा नवौँ राष्ट्रिय उसु च्याम्पियनसिपमा प्रतिस्पर्धा गरे ।

आफ्नो डेब्यु प्रतियोगितामा उनले पदक त जित्न सकेनन् तर पनि सम्भावनाको यात्रामा पछि हट्नु भएन । लगातारको मिहेनत र निरन्तरको प्रयासले नै सम्भावनाको ढोका खोल्न भने सफल भए उनी । डेब्यु प्रतियोगितामा चौथो भएका उनले २०७३ सालमा विराटनगरमा भएको सातौँ राष्ट्रिय खेलकुदमा मध्यपश्चिमबाट खेलेका उनले थाइल्यान्डमा स्वर्ण पदकसमेत जितेका थिए । यसले एकातिर हौसला र अर्कोतिर अझ दृढ भएर लाग्ने प्रेरणा मिलेको थियो उनीलाई ।

आफ्नो दोस्रो सहभागितामै स्वर्ण जित्न सफल हमालले रसियामा सन् २०१८ मा भएको १४औँ वल्ड उसु च्याम्पियनसिपमा पनि उत्कृष्ट प्रदर्शन गर्न सफल भए । पहिलो अन्तरराष्ट्रिय प्रतियोगिता खेलेका उनले खासै पदवी नै हात पार्न नसके पनि ६८ राष्ट्रमध्ये आफूलाई २०औँ स्थानमा उभ्याउन सफल भए । त्यस्तै, सन् २०१९ मा चीनको सङ्घाइमा भएको १५औँ वल्ड उसु च्याम्पियनसिपमा पनि उनी उत्कृष्ट खेलाडी २० भित्र पर्न सफल भए । त्यसपछि स्वदेशमै आयोजना भएको १३औँ सागमा स्वर्ण जित्दै हमालले इतिहास रच्न सफल भए ।

विश्वलाई हलचल बनाउने कोभिड–१९ का कारण २ वर्ष अन्तरराष्ट्रिय सहभागिता जनाउन नपाएका उनले गत वर्ष चीनको हाङचाओमा आयोजना भएको १९औँ एसियाली खेलकुदमा प्रतिस्पर्धा गरेका थिए । उक्त प्रतियोगितामा सहभागी २० मध्ये उनले १२औँ स्थान हासिल गरे । हालै चीनको जिङज्याङ सहरमा आयोजना भएको वल्ड कपको छनोटमा उनले दुई कास्य पदक हात पारेका थिए । उनले नानछ्वान र तुइलिनमा तेस्रो स्थान हात पारे । यसले उनलाई अझै मिहेनतको खाँचो छ भन्ने कुरा आफैँले महसुस गराएको छ । यससँगै उनी आगामी अक्टोबरमा जापानमा हुने प्रतियोगितामा छनोट हुन पनि सफल बने । यसमा सफलता हात पार्ने मात्र होइन, आफूप्रतिको खेलको क्षेत्रको विश्वाससमेत दिलाउने गरी मिहेनत गरिरहेका छन् ।

यतिबेला उसु वल्डकपलगायतका प्रतियोगिताका लागि खेलाडीहरूले तयारी गरिरहेका छन् । 'उसु वल्डकप लगायतका प्रतियोगितामा पदक जित्ने लक्ष्यसहित प्रकाश महर्जन गुरुले प्रशिक्षण गराइराखेको उनले बताए । उनले भने, 'नेपाल उसु महासङ्घले पनि वैदेशिक प्रशिक्षण गराउने आश्वासन दिएको छ । यसले गर्दा ममा अझै पनि हौसला थपिएको छ', उनी भन्छन्, 'वैदेशिक प्रशिक्षण राम्रो भएमा अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याउन धेरै नै मद्दत पु¥याउँछ ।' एउटै खेलको दुईवटा महासङ्घ हुँदा समस्या भएको बताउँछन्, दीपक । 'दुईवटा महासङ्घ हुँदा खेलाडीले दुःख भोग्नु परिरहेको छ । कुन कामका लागि कुन महासङ्घमा जाने भन्ने समस्या छ,' उनी भन्छन्, अन्तरराष्ट्रिय मान्यता प्राप्त महासङ्घले भने खेलाडीलाई सदैव सहयोग गर्ने प्रतिबद्धता जनाउँदै आएको छ । तर, पनि दुईवटा सङ्घ हुँदा समस्या त भइहाल्छ । एउटाले एउटा विषयको उठान गरिरहेको बेलामा अर्कोले अर्कै विषयवस्तुको उठान गरिदिन्छ ।'

पछिल्लो समय उसुका दुई महासङ्घ छन् । जनक बर्तौला नेतृत्व महासङ्घलाई राष्ट्रिय खेलकुद परिषद्ले मान्यता दिएको छभने वीरबहादुर लामा नेतृत्वको महासङ्घलाई नेपाल ओलम्पिक कमिटी र अन्तरराष्ट्रिय उसु महासङ्घको मान्यता छ ।

# सङ्घीयताबाट पछाडि हट्न सक्ने स्थिति छैनः सांसद चन्द



***सांसद रेणु चन्दको परिचय***
*नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) की रेणु चन्द राष्ट्रियसभा सदस्य हुन् । उनले बैतडीबाट २०६४ सालमा संविधानसभा सदस्यमा प्रत्यक्ष चुनाव जितेका थिए । उनी अखिल नेपाल महिला संघको केन्द्रीय उपाध्यक्षका साथै पार्टीको सुदूरपश्चिम प्रदेश इन्चार्ज पनि हुन् ।*

**काठमाडौँ ।**
राष्ट्रियसभा सदस्यमा निर्वाचित भएको लगभग एक वर्ष भयो । तल्लो सदनभन्दा माथिल्लो सदन दुईवटा दायित्वबाट मुक्त छः एउटा बजेट निर्माण र अर्को सरकार निर्माण । राष्ट्रियसभाको विधायिकी भूमिका अलिक बढी छ भन्ने अनुभव भयो । तुलनात्मक रुपमा यहाँ अनुभवी र लामो समयसम्म राजनीतिक क्षेत्रमा काम गर्नुभएका साथीहरु सभाको सदस्य बनेर आउनु हुँदो रहेछ । मूलतः सांसद नीति निर्माण गर्ने व्यक्ति हो तर नेपालमा त्यो अभ्यास अलि कम छ । सांसदको नीति निर्माणको भूमिका कस्तो हुन्छ भनेर अनुभव लिने हो भने एक पटक राष्ट्रियसभा सदस्य हुनुपर्छ जस्तो लाग्छ । हरेक सांसदले आफ्नो भूमिका देखाउने दुई ठाउँमा हुन्छः एउटा सदन, अर्को संसदीय समिति । राष्ट्रियसभाका सदस्यहरुले समितिमा धैरै मेहेनतका साथ काम गरिरहेका हुन्छन् । त्यो राम्रो पक्ष हो । प्रतिनिधिसभामा कोरम नपुगेर बैठक अवरुद्ध भएका समाचार सुन्नुपर्छ । तर राष्ट्रियसभामा त्यस्तो विरलै हुन्छ । सदस्यहरु समयमा आउने र सभा वा समितिका बैठकमा पूरै समय बस्नुहुन्छ । जुन जिम्मेवारी पाएका छन् त्यो पूर्ण इमानदारीका साथ काम गरेको जस्तो देख्छु ।

एउटा सदस्यको हैसियतले के नपुगेको जस्तो लाग्छ भने हामीले सरकारसँग प्रश्नोत्तर गर्नुपर्ने हो, तर विषयान्तर भएको देख्छु । हामीले सदनमा थुप्रै सार्वजनिक महत्वका जल्दाबल्दा प्रस्ताव दर्ता गराउन र छलफल गर्न सक्छौँ, त्यो गर्न सकेका छैनौँ । राष्ट्रियसभामा अहिलेसम्म महिला समिति गठन गर्न नसक्नु हाम्रो कमजोरी हो जस्तो लाग्छ । यी कमजोरीका बावजुद राष्ट्रियसभालाई प्रस्तुतिका आधारमा हेर्ने हो भने तुलनात्मक रुपमा राम्रो छ ।

सङ्घीयता कार्यान्वयनको कुरा हेर्ने हो भने दश वर्ष हुन लाग्यो । संविधान संशोधनको कुरा उठिरहेको छ, र मुलुकमा राजनीतिक स्थायित्व दिने, निर्वाचन प्रणालीमा सुधार गर्ने, आर्थिक विकास गर्ने, समावेशी पक्षलाई अझ सबल बनाउने जस्ता कतिपय विषयमा आवश्यक परेको खण्डमा कम्तीमा सदनमा रहेका दलहरुबीचको साझा सहमतिमा संशोधन गर्नुपर्छ । संविधानको समीक्षा गर्ने हो भने संविधानमा व्यवस्थित मौलिक अधिकारहरु लागू गर्नका निम्ति कानुनहरु अझै बन्न सकेका छैनन् । जस्तै, आमाको नामबाट नागरिकता दिने कानुन बनिसकेको छ तर अभ्यासमा लैजानका लागि फेरि एउटा विधेयक दर्ता गर्नुपर्ने अवस्था सृजना भएको छ । एउटा त संविधान लागू गर्नेगरी कानुन बनेका छैनन् र अर्को संविधान लागू गर्न बनेका कानुन पनि लागू भएका छैनन् । संविधानमा जेजति अधिकार लेखिएका छन् त्यसलाई थप परिस्कृत गर्ने गरी संविधान संशोधन हुनुपर्छ । पछाडि हट्ने गरी संविधान संशोधन हुनु हुँदैन ।

जहाँसम्म सङ्घीयता सबलीकरणको कुरा छ, सङ्घीयता लागू गर्नका निम्ति खासगरी स्थानीय सरकार अलि स्वायत्त प्रकृतिका छन्, आफ्ना क्षमता अनुसार काम गरिरहेका छन् । प्रादेशिक सरकारलाई बलियो बनाउन प्रहरी ऐन र निजामती सेवा ऐन आवश्यक छ । यी दुईवटा ऐन नबन्दासम्म उनीहरुले केही गर्नै सक्दैनन् । यी दुईवटा कानुन चाँडो बनुन् भनेर केन्द्र सरकारलाई झक्झक्याउन जोड पुगेन की ? अब सङ्घीयताबाट पछाडि हट्न सक्ने स्थिति छैन । अब हाम्रो देश सङ्घीयतामा गइसक्यो ।

त्यसलाई बलियो बनाउनुबाहेक हामीसँग अर्को विकल्प छैन । केन्द्र सरकार र केन्द्रीय संरचना पनि अब अलि सहिष्णु भएर खुला सोच लिएर सङ्घीयता बलियो बनाउने गरी अगाडि बढ्नुपर्छ । राष्ट्रियसभा त सङ्घीयताको पहरेदार नै हो । दुवै सदन, सरकार र राज्य सबैले सङ्घीयता सबलीकरणमा जुन प्रकारको भूमिका निर्वाह गर्नुपर्ने छ त्यसमा कमी देखिन्छ ।

केही समयअघि ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचार सूचकाङ्कमा नेपालको स्थान राम्रो छैन । यस्ता रिपोर्टले अन्तर्राष्ट्रिय स्तरमा नेपालको छवि कस्तो रहेछ भन्ने देखाउँछ । भ्रष्टाचारको जुन रोग नेपालमा छ यसबाट पहिला उन्मुक्ति पाउनुपर्ने हुन्छ । बीचमा केही भ्रष्टाचार गरेका व्यक्ति जेल गए, केहीको नाम आए, केही अनुसन्धानमा तानिए । भ्रष्टाचार नियन्त्रण गर्न सक्यौँ भने स्वतः सुशासन हुन्छ । सर्वसाधारण जनताले पनि सही र गलत छुट्याउनु पर्दछ । जो खराब छ त्यो प्रवृत्ति उजागर हुनुपर्छ । भ्रष्टाचारलाई हटाइएन भने धनी र गरिबको खाडल अझ बढ्ने देखिन्छ । यसलाई नियन्त्रण गर्न सबैले मिलेर काम गर्नुपर्ने हुन्छ ।

भ्रष्टाचार भनेको पैसामात्र होइन आचरण पनि हो । आचरण स्वच्छ हुनुपर्यो । चाहे राजनीतिज्ञ होस् वा आमनगरिक सबैले आफ्नो सामाजिक दायित्व निर्वाह गर्नेतिर ध्यान दिनुपर्यो । जसलाई जे काम दिएको छ त्यो पूर्ण इमानदारीको साथ गर्नुपर्यो । रासस

# 'कर्णालीको हुँभन्दा गर्व लाग्छ'

दीपकले राष्ट्रिय प्रतियोगिताहरू कर्णाली प्रदेशबाट खेल्दै आएका छन् । कर्णालीबाट खेल्दा आफूलाई गर्व लाग्ने दीपक बताउँछन् । 'आफू जन्मिएको ठाउँ चिनाउन पाउँदा गर्व लाग्दो रहेछ । मलाई विभागीय टोलीबाट धेरैपटक 'अफर' आयो । तर मैले विभागका नामबाट भन्दा आफ्नै प्रदेशबाट खेल्ने निर्णय लिएर अहिलेसम्म अघि बढिरहेको छु', उनले भने, 'कुनै पनि विभागमा गइनँ तर, विभाग बाहिरका खेलाडीका लागि समस्या नै समस्या छन् । सबैभन्दा ठूलो समस्या त आर्थिककै छ ।' खेल जीवनबाट आफू सन्तुष्ट भए पनि राज्यबाट पाउनुपर्ने सेवासुविधा नपाउँदा भने निकै नै गाह्रो हुने दीपकको अनुभव पनि छ । सरकारले आश्वासन मात्र दिन्छ खेलाडीका लागि पछिसम्मको भविष्य सोचेर सेवा सुविधा दिनएको भए खेललाई अगाडि बढाउन सकिने उनको भनाइ छ । कर्णाली आफैँमा दुर्गम जिल्ला हो, त्यसमा पनि खेललाई अगाडि लैजानमा निकै चुनौतीपूर्ण रहेको उनी बताउँछन् । उनी राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरेको विशेष प्रशिक्षणमा सहभागी भएका छन् । परिषद्ले बिहानको खाजा खर्च मात्रै दिँदै आएको छ । आफ्नो घर छोडेर बाहिर बस्नुको पीडासँगै खाजा खर्चले काठमाडौँमा बसेर प्रशिक्षण गर्न निकै समस्या हुने गरेको उनको गुनासो छ । यसले उनलाई खेलबाटै अघि बढेर भविष्यका लागि खेलाडी उत्पादन गर्ने र आफू कोचका रुपमा निरन्तर क्रियाशील रहने प्रतिबद्धता जागेको छ । सन् २०१७ मा पहिलोपल्ट रसियाका लागि नेपालबाट खेल खेल्न जाँदा प्रशिक्षकहरु साथमा नहुँदा आफूहरु एक्लो भएको महसुस भएको त्यो दिनलाई उहाँले अहिले पनि भुल्न सकेका छैनन् । रसिया खेल खेलियो तर आफ्नो समर्थनमा कोही नहुँदा 'नर्भस' भएर पनि खेल हारिएको हो कि जस्तो लाग्छ उनीलाई । अन्य देशका खेलाडीहरुको उत्साहका लागि गरिएका व्यवस्थापनको व्याख्या गर्ने हो भने एउटा बनावटी कहानी जस्तो लाग्न सक्छ धेरैलाई । त्यो खेलसँगै आफ्नो प्रशिक्षकहरुको पनि साथ भएको भए सायद खेल जित्न पनि सकिन्थ्यो जस्तो उनलाई अहिले पनि लाग्दछ ।



**बाल्यकालसँगै लाहुरेको सपना**

सानैदेखि निकै चकचके स्वभावका उहाँ पढ्नमा भन्दा खेल्नमा बढी समय खर्चिन चाहन्थे । दीपकको बाल्यकाल भेरीगङ्गामा नै बित्यो । १–५ कक्षासम्म उनी घर नजिकैको अमिलाचौर प्राथमिक विद्यालयमा अध्ययन गरेका थिए । त्यसपछि उनले छिञ्जु बजारमा रहेको शारदा माध्यमिक विद्यालयबाट १० कक्षा पास गरेपछि अभिभावकले छोराले राम्रोसँग पढोस् र भविष्यमा आफ्नो सहारा बनोस् भन्ने लागेर आफूले सकेको दुःखजिलो गर्दै उनलाई काठमाडौँ पढ्न पठाएका थिए । सानै उमेरबाट खेल्न मन पराउने उनीमा खेललाई नै जीवन बनाउने सोच भने थिएन । उनी भन्छन्, 'पहिले मेरो सपना भनेको लाहुरे हुने देश र जनताका निम्ति केही गर्छु भन्ने सोचेर २०७७ सालमा ब्रिटिस लाहुरे हुन गएको थिएँ ।' ब्रिटिसमा भर्ती हुन नसकेपछि शरीरलाई राम्रो बनाउन खेलमा प्रवेश गरेका थिए दीपक । उनी अहिले पनि खेल क्षेत्रलाई अघि बढाउने र कर्णाली देशव्यापी रुपमा कसरी चिनाउने भन्ने चिन्तामै छन् । उनले १३ वर्ष खेल क्षेत्रमै बिताइसकेका छन् । खेलकुदबाट देशका सातै प्रदेश तथा चीन, रसिया, थाइल्यान्ड, साउथ कोरिया जापानलगायतका देशमा भएका प्रतियोगिताहरुमा सहभागी भइसकेका छन् । रासस




**दृष्टि यात्राः** रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पताल वीरगंजले सोमबार स्वर्ण महोत्सवको अवसरमा वीरगंजमा निकालेको दृष्टियात्रामा सहभागीहरु । तस्बिरः हिमाल लम्साल/रासस

# स्वास्थ्य सेवामा सबैको पहुँच हुनुपर्दछः उपराष्ट्रपति यादव

**मधेशदृष्टि**
**वीरगंज ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवले नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक हकका रुपमा स्थापित गरेकोले यसमा सबैको पहूँच हुनुपर्ने उल्लेख गर्दै यसलाई पूरा गर्न सरकारी तथा नीजि स्वास्थ्य क्षेत्रको थप सक्रिय भूमिका र सेवा भाव अपरिहार्य आवश्यकता रहेको औल्याएका छन् । मधेश प्रदेशको बारा जिल्ला परवानीपुर–४ स्थित रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पतालले सोमबार स्वर्ण महोत्सव अवसरमा अस्पताल परिसरमा आयोजना गरेको विशेष समारोहलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै उनले उक्त विषय औल्याएका हुन् ।




'नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ । यसलाई पूरा गर्न सरकारले आफ्नो नीति, योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखेको छ ' उनले भने, 'मधेश प्रदेशको मात्र नभई सिंगो नेपालकै एक ऐतिहासिक, सांस्कृतिक, आर्थिक र औद्योगिक नगरी वीरगंजको प्रवेश द्वारमा अवस्थित यो अस्पतालले आफ्नो स्थापना कालदेखि नै उच्चस्तरीय आँखा उपचार सेवा उपलब्ध गराउँनु प्रशंसनीय छ ।'

उपराष्ट्रपति यादवले अस्पतालका संस्थापक सदस्यमध्येका सुन्दरमल केडिया र उनका परिवारको योगदानको स्मरण गर्दै केडिया आँखा अस्पतालले आँखाको उपचार क्षेत्रमा ठूलो फड्को मारेको र यसले सिंगो मुलुककै गौरव बढाएको बताए । 'अस्पताललाई यो उचाईमा पुर्याउन सहयोग गर्ने नेपाल नेत्र ज्योति संघ, एशियामा आँखा उपचार सम्बन्धी क्षेत्रमा सहयोग गर्ने संगठन (एओसीए), स्थानीय लायन्स क्लब, ओर्बिस इन्टरनेसनल, चिकित्सक, कर्मचारी र दाता केडिया परिवार सहित सम्पूर्ण सहयोगी हातहरूलाई धन्यवाद दिन चाहन्छु ' उनले भने, 'अस्पतालले मधेश प्रदेशका विभिन्न जिल्लाहरू र छिमेकी भारतका बिहार एवम् उत्तर प्रदेशका जनसमुदायलाई सेवा प्रदान गर्नु सकारात्मक छ ।'

उपराष्ट्रपति यादवले अस्पतालले विभिन्न आँखा सम्बन्धी स्वास्थ्य सेवाहरू र आधुनिक प्रविधियुक्त प्रयोगशालाहरू मार्फत उत्कृष्ट उपचार प्रदान गरेको उल्लेख गर्दै अस्पताललाई भविष्यमा पनि उत्कृष्ट सेवा मार्फत् मुलुककै नमुना आँखा उपचार केन्द्रको रुपमा विकसित गर्नुपर्ने बताए । उनले स्वर्ण महोत्सवको अवसर पारेर शिलान्यास गरिएका नवनिर्मित भवन र दृष्टि स्तम्भको अनावरणले अस्पताललाई थप उचाईमा पुर्याउने विश्वास व्यक्त गर्दै अस्पतालले थप समर्पित भावबाट आँखा रोगहरूको निदान, उपचार र सर्जरीमा केन्द्रित अन्य सबै सेवाहरू प्रदान गर्दै आपतकालीन सेवाहरू थप विस्तार गर्नुपर्नेमा जोड दिए । उपराष्ट्रपति यादवले समारोहमा हीरालाल केडिया ज्योतिर्गमय सम्मान एवम् पुरस्कार पाएकाहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्दै अस्पतालको उत्तरोत्तर प्रगतिको कामना समेत गरे । उपराष्ट्रपति यादव गृह जिल्ला बारा पुग्दा उनीसँग् विभिन्न व्यक्तिहरुले शिष्टाचार भेटघाट गरेका थिए । उनी सोमबार बिहान बारा पुगेर केडिया आँखा अस्पतालको कार्यक्रममा सरिक भई साँझ काठमाडौं फर्किएका छन् ।

# मुस्लिम महिलाहरूले चाहेको शिक्षा सहज बनाऔँः उपप्रधानमन्त्री सिंह




**मधेशदृष्टि**
**लालबन्दी ।**
उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले समाजको समुचित विकासका लागि महिलालाई पुरुषसरह अधिकार र अवसर दिनुपर्ने बताएका छन् । सोमबार नेपाली कांग्रेस निकट नेपाल मुस्लिम संघ मधेश प्रदेशको प्रथम अधिवेशनको उद्घाटन समारोहमा सम्बोधन गर्दै उनले महिलाको शिक्षामा पहुँच बढाउनुपर्नेमा जोड दिए । उनले मुस्लिम समुदायका महिलाहरूले चाहेको शिक्षा सहज रूपमा प्राप्त गर्न सक्ने वातावरण बनाउनु अहिलेको आवश्यक रहेको बताए । समाजमा रहेका विकृतिहरू हटाउँदै पार्टीलाई जनताको विश्वास जित्ने संस्थाका रूपमा स्थापित गर्न मुस्लिम संघको महत्वपूर्ण भूमिका हुने विश्वास व्यक्त गर्दै उनले भने, 'मुस्लिम समुदायका पुरुषहरूले शिक्षामा राम्रो प्रगति गरिरहेका छन् । महिलाहरूले पनि इच्छाअनुसार शिक्षा प्राप्त गर्न सक्ने अवसर पाउनुपर्छ । पुरुषहरू मात्र अघि बढेर हुँदैन, समाजको समग्र विकासका लागि महिला र पुरुष सँगै अघि बढ्नुपर्छ ।' सम्बोधनका क्रममा उपप्रधानमन्त्री सिंहले नेपाली कांग्रेसले जनताको जीवनयापन सहज बनाउन प्रतिवद्ध रहेको बताए । अधिकार प्राप्तिका लागि जस्तै जीवन र जीविकोपार्जन सहज बनाउन कांग्रेस नेतृत्वको सरकार सक्रिय रहने उनको भनाइ थियो ।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य नैनसिंह महर, नेपाल मुस्लिम संघका पूर्वअध्यक्ष अब्दुल सतार, नेपाली कांग्रेस सर्लाही सभापति सुरेन्द्र सिंह, मुस्लिम समुदायका अगुवाहरुको उपस्थिति थियो ।

## 'अर्थतन्त्र चलायमान बनाउन स्थानीय उत्पादनको प्रवर्द्धन गरौँ'

उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले अर्थतन्त्र चलायमान बनाउन स्थानीय उत्पादनको प्रवद्र्धन गर्नुपर्नेमा जोड दिएका छन् । सर्लाहीको लालबन्दीमा सहरी विकास मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभागबाट निर्मित बहुउद्देश्यीय व्यापारिक भवनको सोमबार उद्घाटन गर्दै उपप्रधानमन्त्री सिंहले लालबन्दीमा निर्मित व्यापारिक भवनले यो क्षेत्रको आर्थिक गतिविधि बढाउन सहयोग पु¥याउने विश्वास व्यक्त गरे । 'यहाँ उत्पादित सामग्री एवम् खाद्यपदार्थदेखि सबै स्थानीय उत्पादनलाई मार्केटिङ गर्नका लागि एउटा स्थानका रुपमा यो भवन रहनेछ', भवन उद्घाटनपछि उपप्रधानमन्त्री सिंहले भने, 'यसले लालबन्दी नगरपालिकालाई मात्र नभएर त्यसलाई युवाले उपयोग गरे संसारभर प्रचारप्रसार गर्नसक्छन् ।'

उपप्रधानमन्त्री सिंहले लालबन्दीमा निर्मित भवन उद्घाटनलगत्तै नगरपालिकालाई हस्तान्तरण गरेका थिए । उपप्रधानमन्त्री सिंहले अर्थतन्त्र चलायमान बनाउनका लागि गर्नुपर्ने काम सहरी विकास मन्त्रालयले गर्ने भन्दै व्यापारिक भवनको उद्देश्यअनुसार काम अघि बढाउनेतर्फ ध्यान दिन आग्रह गरे । 'अर्थतन्त्र चलायमान बनाउन यहाँ भएको गतिविधिले सकारात्मक सन्देश जानेगरी यहाँहरूले काम गर्नुहुनेछ भन्ने मलाई विश्वास छ', उपप्रधानमन्त्री सिंहले भने । भवन पाँच करोड ४१ लाख ५२ हजार ९७५ रुपैयाँ लागतमा सम्पन्न भएको हो ।

# नारायणी रङ्गशालाको अवस्थाबारे सरकारलाई ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेकी सांसद निर्मला देवकोटा कोइरालाले नारायणी रङ्गशालाको जीर्ण अवस्था बारे प्रतिनिधिसभाको बैठकमा बोल्दै पुनर्निर्माणको लागि पहल गर्न माग गरेकी छन् । सोमबार प्रतिनिधिसभाको बैठकमा शून्य समयमा बोल्दै सांसद



कोइरालाले नारायणी रङ्गशालाको अवस्था प्रति गम्भीर चिन्ता व्यक्त गर्दै पुनर्निर्माणको आवश्यकता औँल्याइन् । विगत १६ वर्षदेखि जीर्ण अवस्थामा रहेको रङ्गशालामा कुनै खेल प्रतियोगिता हुन नसकेको उनले जानकारी गराईन् ।

उनले आगामी दुई वर्षपछि मधेशमा एघारौँ राष्ट्रिय खेलकुद आयोजना हुने भए पनि चालु आर्थिक वर्षको बजेटमा नारायणी रङ्गशालाको पुनर्निर्माणका लागि कुनै रकम नछुट्याइनुले खेल क्षेत्रप्रतिको सरकारको उदासीनता देखिएको बताइन् ।

विक्रम संवत् २०३८ सालमा निर्माण भएको वीरगंजस्थित देशकै दोस्रो ठूलो नारायणी रङ्गशाला आज जीर्णोद्धारको पर्खाईमा छ ।

# वन मुद्दा फछ्र्यौटमा समस्या

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा वनपैदावर तथा वन्यजन्तुसँग सम्बन्धित दुई सय २२ मुद्दा वन ऐन २०७६ सँग दुबिधा भएकाले फछ्र्यौट हुन सकेको छैन । जिल्लामा आव २०८०÷८१ सम्म दुई सय दुई वन मुद्दा दर्ता भएका छन् भने चालु आर्थिक वर्ष २०८१÷८२ मा थप २० वन मुद्दा थपिएका छन् । वन ऐन २०७६ को दफा ६७ मा यस ऐन अन्तर्गत दुई लाखसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै समाज हुने मुद्दा सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन् भन्ने व्यवस्था छ । तर, अहिले डिभिजनल वन अधिकृत भने प्रदेश सरकार मातहतका छन् । यसको कारणले पनि जिल्लामा दर्ता भएका वन मुद्दा फछ्र्यौट गर्न कानुनी अड्चन देखिएको हो । डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले वन मुद्दासँग टुङ्गो लगाउनको लागि दुविधा कायम भएकाले पनि मुद्दा फछ्र्यौट गर्न समस्या भएको बताए । 'वन ऐन २०७६ को दफा ६७ मा यस ऐन अन्तर्गत दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै समाज हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन भन्ने व्यवस्था छ,' उनले भने, 'अहिले डिभिजनल वन अधिकृत प्रदेश सरकार मातहतको रहेको छ ।

तर, कानुनी व्यवस्थामा सङ्घीय डिभिजन वन अधिकृतले गर्ने भन्ने व्यवस्थाको कारणले पनि वन मुद्दालाई किनारा लगाउनका लागि ठाउँपिच्छे नै फरक–फरक रहेको छ । कतै प्रदेशका डिभिजन वन अधिकृतले मुद्दाको किनारा लगाउँदै आइरहनुभएको छ । त कतै पनि सो मुद्दा किनारा लगाउन समस्या भइरहेको छ ।'

डिभिजनल वन अधिकृत अहमदले पर्सा जिल्लामा देखिएको समस्याको विषयमा सरकारी वकिलको कार्यालय पर्सामासमेत जानकारी गराइसकेको बताए । 'पर्साको सरकारी वकिलको कार्यालयले वनसँग सम्बन्धित मुद्दा डिभिजन वन कार्यालयले नभइ अदालतको क्षेत्राधिकारभित्र पर्ने बताइएको छ' उनले भने, 'कानुनी रुपमा हामीले अघि बढाउन पाएको खण्डमा वन मुद्दाको विषयमा थुनछेक बहस गरेर आदेश पनि गर्ने थियौँ ।' डिभिजनल वन अधिकृतलाई वन मुद्दासँगसम्बन्धी बहस र थुनछेक गर्नका लागि अर्धन्यायिक अधिकार पनि दिइएको छ । वन ऐन, २०७६ को दफा ६२ मा ऐन बमोजिम एक वर्षसम्म कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्रदेश सरकारको कर्मचारीले गर्ने व्यवस्था उल्लेख छ । ऐनमा भनिएको छ 'यस ऐन बमोजिम एक वर्षभन्दा बढी कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको नेपाल सरकारको कर्मचारीले गर्नेछ ।'




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन